श्रीमान कृष्ण पराजुली ज्यु
(अध्यक्ष)
वडा नं ४

# धर्म चक्षु

# Dharma Chakshu

## BUDDHIST BI-MONTHLY



धर्मशीला बुद्ध विहार, पोखरा


फोटो साभार : फोटो जेनिथ, पोखरा


वर्ष - ३, सयुक्ताङ्क - १ र २

असार, साउन - भदौ, असोज २०५५

गुणस्तरीय गोबरग्याँस प्लान्ट निर्माण तथा निर्माण पछिको भरपर्दो सेवाको लागि सदैव हामी कहाँ सम्पर्क राख्नुहोस् ।

तपाईंको सेवाको लागि हामी सधैं तत्पर छौं ।



महाप्रबन्धक

अर्जुनप्रसाद गुरुङ्ग

फोन : २३१४५ (कार्यालय)

२४६९९ (आवास)

सम्पर्क ठेगाना

गण्डकी गोबर ग्याँस सेवा केन्द्र

न्यूरोड, पोखरा

शाखा कार्यालय, स्याङ्जा

शाखा कार्यालय, गगन गौंडा

सम्पर्क कार्यालय, पर्वत

# फरेष्ट्री सप्लायर्स

वन सम्बन्धी आधुनिक औजार तथा उपकरणहरु :

बिरुवा उत्पादन गर्ने उपयुक्त माटो : "मधुमास" (श्रीलंकाबाट आयात गरिएको) तथा

वन बीउहरुको लागि सम्पर्क राख्नुहोस् ।

८/७७७, नयाँसडक, पोखरा

फोन : २१७२७

प्रधान सम्पादक र प्रकाशक
भिक्षु, श्रद्धानन्द
फोन : २०५१७

सम्पादक
ललित रत्न शाक्य
फोन : २१७२७

कार्यकारी सम्पादक
विश्व शाक्य
फोन : २०५६०/२१५७०

प्रमुख व्यवस्थापक
विक्रम बुद्धाचार्य
फोन : २४८२०

व्यवस्थापक
बिमल उदास
फोन : २३३३७
प्रविण्य : रञ्जन बुद्धाचार्य

विज्ञापन व्यवस्थापक
सुश्री सोनी सुवाल
फोन : २३५५२

प्रमुख वितरण व्यवस्थापक
भुवन ताम्राकार

बितरण व्यवस्थापक
सुश्री पुनम सि.के.
फोन : २३८९२

कार्यालय
धर्मशीला बुद्ध विहार
नदीपुर, पोखरा
फोन : २०५१७

कम्प्युटर सेटिङ : शेरबहादुर कुमाल
मुद्रण : मुनाल अफ्सेट प्रिन्टर्स
पालिखेचोक, पोखरा ।
फोन : २३५५५, २३९९९, २१९०९

# धर्म चक्षु

(बौद्ध द्वैमासिक)

## DHARMA CHAKSHU

(Buddhist Bi-Monthly)
Pokhara, Nepal

June, July - Sept., Oct. - 1998

| | | | | |
|---|---|---|---|---|
| वर्ष-३ | अङ्क-१ र २ | पूर्णाङ्क - ६ | असार, साउन-भदौ, असोज | २०५५ |




मलाई गाली गऱ्यो, मलाई कुट्यो, मलाई हराइदियो र मेरो वस्तु लग्यो भनेर जसले आफ्नो मनमा बारम्बार विचार गर्दैन, त्यसको मनमा वैरभाव शान्त हुन्छ ।

***

धेरै आहार खाने अल्छी, निद्रालु मानिस धेरै खाएर मोटाएको सुंगुर जस्तै हो । त्यस्तो मूर्ख बराबर गर्भवासमा आउँछ ।

***

# .....✍ सम्पादकीय

बुद्ध-शिक्षामा शील, समाधि र प्रज्ञाको आफ्नै किसिमको अहम महत्व छ । यसलाई अझ यसरी अभिव्यक्त गर्नु राम्रो होला । शील, समाधि , प्रज्ञा बुद्ध शिक्षाका प्रमुख तीनवटा राजमार्ग हुन्। यसमा शील राजमार्ग अन्तर्गत ३ वटा उपमार्गहरु सम्यक् वाचा, सम्यक कर्मान्त (कर्म) र सम्यक् आजीविका पर्दछन् । समाधि अन्तर्गत ३ वटा उपमार्गहरु पर्दछन् । ती हुन् सम्यक व्यायाम, सम्यक स्मृति र सम्यक समाधि । यसैगरी प्रज्ञा अन्तर्गत २ वटा उपमार्गहरु आउँछन् ती हुन सम्यक दृष्टि र सम्यक सङ्कल्प ।

बुद्ध शिक्षाका अहम ३ वटा राजमार्गहरुमा प्रज्ञालाई गन्तव्य (मोक्षको, निर्वाणको) निर्धारण गर्ने अथवा पुऱ्याउन मद्दत गर्ने प्रमुख महत्वपूर्ण मार्गको रुपमा लिन सकिन्छ । प्रज्ञा अन्तर्गत नै २ वटा महत्वपूर्ण मार्गहरु निर्धारित हुने हुन्छन् । सम्यक दृष्टि र सम्यक संकल्प प्रज्ञा अन्तर्गतका २ वटा मजबुत बाटाहरु हुन् । मानिसमा दृष्टि भ्रम रहेसम्म उसले लक्षित बाटो निर्धारण र अबलम्बन गर्न सक्दैन । यात्री त ऊ जरुर हुन्छ तर दिग्भ्रमित हुन्छ । जबसम्म मान्छे आफ्नो गन्तव्य र लक्ष्य निर्धारणमा दिग्भ्रमित हुन्छ उसले निर्णायक र उचित संङ्कल्प लिन सकिरहेको हुँदैन । दिग्भ्रमित मानिसकताले लिएको सकल्प स्वयं पनि गलत हुने धेरै सम्भावना रहन्छ । तसर्थ मानिस आफ्नो मोक्षमार्ग अर्थात निर्वाण मार्ग अवलम्वनको लागि प्रथमत: दुष्टि सफा हुनु, दृष्टि सम्यक हुनु जरुरी छ । मानिसको सोचाई, चिन्तन र दर्शन (सोच्ने तरिका) स्पष्ट, सफा र सम्यक नरहेसम्म प्रज्ञा पुष्ट हुन सक्दैन । जबसम्म प्रज्ञा पुष्ट हुँदैन निर्वाणमार्गमा आरुढ हुन सकिन्न । राम्रोलाई राम्रो भनेर चिन्न सक्नु, नराम्रोलाई नराम्रो भनेर चिन्न सक्नु, सत्यलाई सत्य भनेर वुझ्नु, असत्यलाई असत्य भनेर बुझ्नु यही नै सम्यक दृष्टिको पहिचान हो । यही नै धर्मको पहिचान हो । यही नै चक्षुको पहिचान हो । समग्रमा भन्न पर्दा सत्याति सत्यको पहिचान नै सम्यक दृष्टि हो भने अर्को शब्दमा भन्नुपर्दा धर्म-चक्षु खुल्नु हो । यिनै विषय प्रसङ्गलाई समेटेर विगत २ वर्ष अगाडि धर्म चक्षुलाई बौद्द मासिकको रुपमा प्रकाशित गर्ने लक्ष्यले मासिक प्रकाशनको रुपमा स्वीकृति लिइएको थियो । विभिन्न व्यवस्थापकीय कठिनाइको कारण यसलाई मासिक प्रकाशनगर्न हाललाई नसकिने देखिएको हुँदा मासिक प्रकाशनलाई आवश्यक पूर्वाधारहरु तयार नभएसम्मलाई नयाँ व्यवस्थापनले बौद्ध द्वैमासिकको रुपमा प्रकाशित गर्ने लक्ष्य अनुसार केही परिमार्जन सहित यो रुपमा प्रस्तुत गर्न सकेको छ । धर्म-चक्षुलाई राष्ट्रिय स्तरको बौद्ध प्रकाशनमा स्थापित गर्न लक्ष्य राखिएको छ । यस लक्ष्य प्राप्तिकोलागि यस भेकका बौद्ध विद्वान, पाठक, विज्ञापनदाता र शुभेच्छुकहरुसँग सक्दो सहयोगको लागि धमचक्षु हार्दिक आग्रह गर्दछ ।

आषाढ पूर्णिमाको धर्मचक्र प्रवर्तनले जसरी समग्र दु:खी मानव जातिलाई सुख र शान्ति मार्गमा आरुढ गराउन मद्दत पुऱ्याएको थियो, त्यसरी नै आंशिक रुपमै भएपनि बौद्ध शिक्षा, धर्म र दर्शनमा अभिरुचि राख्ने पाठक तथा जिज्ञासुहरुलाई "धर्म चक्षुले" जानकारी पुऱ्याउन सकोस् । अहिंसा पर्व विजयादशमी तथा सांस्कृतिक पर्व दीपावलीको उपलक्ष्यमा मंगलमय शुभकामना ।

*

# धम्मपद

## १ – यमकवग्गो

### (जोरा वर्ग)

( १ )

मनोपुब्बङ्गमा धम्मा – मनोसेट्ठा मनोमया ।
मनमा चे पदुट्टेन – भासति वा करोति वा ।
ततो नं. दुक्खमन्वेति – चक्कं'व वहतो पदं ॥१॥

१– मनको धर्म हो जुनसुकै काममा पनि अगुवा हुनु, औ मन मुख्य भएर जताततै पुगेको हुन्छ । त्यसकारण अशुद्ध मन भएर कसैले बोल्यो वा गर्‍यो भने बयलको पछि पछि गाडाको पांग्रा आए झैं दुःख पछि लागेर आउँछ ॥ १ ॥

( २ )

मनोपुब्बङ्गमा धम्मा – मनोसेट्ठा मनोमया ।
मनसा चे पसन्नेन – भासति वा करोति वा ।
ततो नं. सुखमन्वेति – छाया'व अनपायिनी ॥ २ ॥

२–मनको धर्म – जुनसुकै काममापनि अगुवा हुनु, औ मन मुख्य भएर जताततै पुगेको हुन्छ । त्यस कारण शुद्ध मन लिएर कसैले बोल्यो वा गर्‍यो भने आफ्नो पीछा न छोडने छाया आए झैं सुख पछि लागेर आउँछ ॥ २ ॥

( ३ )

अक्कोच्छि मं अवधि मं. अजिनि मं अहासि मे ।
ये च तं उपनय्हन्ति – वेरं तेसं न सम्मति ॥ ३ ॥

३–'मलाई गालि गर्‍यो' 'मलाई पिट्यो 'मलाई हराई दियो' औ 'मेरो लगिदियो' इत्यादि भनेर जसले आफ्नो मनमा बराबर विचार गर्छ, त्यसको मनमा कहिले पनि वैरभाव शान्त हुने छैन ॥ ३ ॥

क्रमशः

# शुभ-कामना

– भिक्षु बिशुद्धानन्द

मरणको नेतृत्वं गर्ने, शुभ जन्म दिनमा
उपहार के दिउँ, वस्तु छैन स्थिर स्थायी ।
त्रीरत्न शरणमा जीव्न समर्पित भएर
खुलोस् आँखा स्वयम्भूको् आर्य सत्यहरुमा ।

प्रभाखर चित्तलाई पाहुनाले धमिल्याए जस्तै
हितैषीको रुपमा परि आई पर्छन् मारहरु,
प्रकाशित हुन सकोस् क्लैश संग्राम जितेर
बादल पन्छाएर चम्किएको चन्द्रमा जस्तै

आवेश शान्त नभए सम्म रातको महत्व जस्तै
भोग सम्पत्तिको महत्व हुन्छ मृत्यु नभए सम्म
फक्रिन सकोस् भई आर्य ज्ञानले पूर्ण
हिलोको वन्धन तोड्ने कमल जस्तै ।

# सुभाषिता वाचा पञ्ञा

- भिक्षु श्रद्धानन्द

बाल-बालिकाहरुलाई सुविनित तथा सुसंस्कृत बनाउन सुव्यवस्थित शिक्षा नीति हुनु आवश्यक छ । समाज सुसभ्य र शिष्ट बनाउन राम्रो शिक्षा पद्धती हुनुपर्छ। बच्चाहरु नै आदर्श समाजको कर्णधार हुन् । त्यसकारण बच्चाहरुलाई सच्चरित्र निर्माण हुने किसिमको शिक्षा दिन सके आदर्शमय समाज बन्नमा धेरै सहायक हुनेछ । देश र समाजको कल्याण गर्न र सुधार गर्न भगवान बुद्धले शिक्षा पद्धतिको चार प्रकारको 'प' दिनु भएको छ । ती हुन् - वाहु सच्च पत्रा (बहुश्रुत प्रज्ञा) सिप्पं पत्राँ (शिल्प विद्या प्रज्ञा), सुसिकिंता विनय पत्राँ (सुभाषित वाचा प्रज्ञा) यी चार प्रकारको रुप मध्ये यो सुभासिता वाचा पत्राँ आजको सन्दर्भमा मानव समाजको लागि शिक्षाको एक महत्वपूर्ण पक्ष हो र वास्तवमा यो सभ्य सुशिक्षित, शिष्ट मानिसमा विकसित हुनुपर्ने गुण हो । यसलाई संस्कृतिमा 'सुभाषित प्रज्ञा' भनिन्छ ।

यसको अर्थ हुन्छ, बोल्ने कला राम्रो सुखकर र सत्य हुन्छ । असल राम्रो महान व्यक्तित्वहरुमा हुनु पर्ने यो कला तथा गुण हो । बाल बालिकाहरुमा हुनुपर्ने बोल्ने कलाको पूर्ण ज्ञान प्राप्त गराउन शिक्षा दिई रहेको हुन्छ, जुन गर्न ज्यादै कठीन कुरा हो । वास्तवमा सबै मानिसहरु जन्मेदेखि नै बोल्न सिकिरहेका हुन्छन् । बोल्ने कला अति महत्वपूर्ण कला हो । यो बोल्ने कलाको ज्ञानले गर्दा मानिसले सारा देशमा जनतामाथि विजय हासिल गर्न सक्छ । यो "सुभाषिता वाचा पत्राँ" को कारणले गर्दा सारा विश्वमा बुद्ध स्वयं आफ्नो ज्ञान वृद्धि गर्न र विस्तार गर्न समर्थ हुनुभयो । यो ज्ञानले मानिसलाई ठीक अर्ती उपदेशद्वारा अज्ञानी अथवा मूर्ख पुरुषलाई बुद्धिमान हुन समर्थ पार्दछ । कसैले कसैलाई अर्ती दिन सक्छ, तर त्यो अर्ती उपेक्षित हुन्छ, यो हुनु पनि पर्छ किनभने कसरी अर्ती दिने अथवा कसरी सल्लाह दिने हो मानिसले जान्दैन ।

यस्तै आज्ञा उलङ्घनको कारणले गर्दा हो कि अहिले धेरै बाल बालिकाहरु गल्लीमा भौंतारी रहेकाछन् । अब हामीले यस्ता शिक्षकहरु खोज्नु पर्छ जसले बाल बालिकाहरुलाई सुशील र नम्र हुन सिकाउन र सघाउन सक्दछ र वास्तवमा यो "सुभाषित बाचा पत्राँ" ज्यादै कठीन छ । यत्तिसम्म कि वोधिज्ञान अथवा बुद्धत्व प्राप्तिले मात्र यो पूर्ण हुन्छ । यथार्थमा बुद्धको नौ गुण मध्ये एक गुण, जस्तो "अनुत्तरो पुरीषदम्म सारथी" जसको अर्थ हुन्छ जो सघाइन अर्थात दमन गरिन योग्य छन् ती व्यक्तिहरुलाई सघाउनमा बुद्ध अतुलनीय हुनुहुन्छ अर्थात बुद्ध मानिसलाई राग द्वेषबाट अलग गराउन उत्तम सारथी समान हुनुहुन्छ । यही नै "सुभाषिता वाचा पत्राँ हो ।" बौद्ध भिक्षुहरु बीचमा अनुशासन सम्बन्धी नियमहरु छन् - उदाहरणको निमित्त परम्परा अनुसार सप्ताहको अन्तिम दिनमा साना (नवक) भिक्षुहरुलाई धार्मिक विषयमा 'ओवाद' दिनुपर्ने हुन्छ । "सुभाषिता वाचा पत्राँ" ग्रहण गर्ने मानिसमा सहज योग्यता हुनुपर्छ र उसले अभ्यास पनि गर्नुपर्छ । जस्तो सुकै भएपनि "सुभाषिता वाचा पञ्ञाँ" राम्रोसँग बोल्ने योग्यता मात्र होइन मुख्य कुरा यथासत्य बोल्नु हो । सत्य बोल्नु अति महत्वपूर्ण राष्ट्रिय (क्षण) हो । यदि हामी सत्य बोल्न सक्दैनौं भने हाम्रै मूलुकको निमित्त त्यो संकट हुनेछ । अझ साँच्चै भन्ने हो भने देश र समाजको निमित्त समर्पित भएर काम गर्ने राजनैतिक व्यक्तिहरुले सत्य बोल्ने गुण तथा बानीको विकास गर्नुपर्छ ।

यो "सुभापिता वाचा पत्राँ" लाई बौद्ध देशहरुमा आचारणमा ल्याएकोपाइन्छ । उदाहरणको लागि विशेष गरेर म्यानमार (वर्मा) मा जनताले यो शिक्षा अनुसार आचरण गरेको पाइन्छ । उहिले म्यानमारमा शिक्षाका चारै पक्ष थिए जस्तो - वाहु सच्च पत्राँ, सिघज पत्राँ, सुसिविखता विनय पत्राँ, सुभापिता वाचा पत्राँ । यसको कारणले गर्दा जनतामा म्यानमार (वर्मा) देशको भक्ति र राष्ट्रिय अभिमान थियो । त्यहाँ सत्य बोल्ने साहस

म्यानमारीको (वर्मी) देश भक्ति अथवा राष्ट्रिय अभिमान मानिन्छ । सत्य बोल्ने साहस गर्नु पनि राष्ट्रिय अभियान हो । यो कारणले एक जना म्यानमारी धेरै जनप्रिय पुरुषको रुपमा चिनिन्छ । म्यानमारी पुरुष अथवा महिला कहिल्यै पनि झूठो बोल्दैनथे । सत्य मात्र बोल्दथे । यो "सुभाषिता वाचा पत्राँ" को आधार हो ।

कुनैपनि म्यानमारीले (वर्मी) बाल्यावस्थादेखि नै राष्ट्रिय अभियानको (राष्ट्रियता) चेतनाले कहिल्यै पनि झूठो बोल्दैन । न त कुनै लोभ लालचमा लागेर नै झुठो बोल्दथे । उसले खालि सत्य मात्र बोल्दथ्यो । राष्ट्र निर्माणको काममा सधैं सत्य बोल्ने यो बानी नै महत्वपूर्ण छ । त्यस्तै एक जना म्यानमारीको निमित्त आफ्नै हाकिमसँग झूठो बोल्नु बिलकुल सोच्न नसकिने कुरा हो । बरु फाँसीमा लट्किन तयार हुन्छ, तर आफूले गरेको अपराध स्वीकारी सत्य बोल्छ । त्यस देशमा बाल बालिकाको अवस्थामा यो सुभाषिता वाचा पञ्ञाँको शिक्षा दिएर आचरण गराएकोले यस्तो भएको हो । राष्ट्रवादी फुङ्गहरु (वौद्ध भिक्षुहरु) ले जेल सजाय भोग्नु परेतापनि शुरो भई सत्य बोल्दथे ।

तर नयाँ परिवेशमा "सुभाषिता वाचा पत्राँ" को जोश वाफमा बदलिएको छ । झूठो बोल्न सासह गर्ने मानिसहरुको संख्या बढेको छ । पतिले आफ्नो पत्नीलाई झूठो बोल्छ, बावुले आफ्ना छोराछोरीहरुसँग झूठो बोल्छ । हाकिमले आफ्ना सहयोगीहरुसँग झूठो बोल्छ । यस्तो ठग्ने काम चारैतिर भइरहेकोले प्रशासन वा राज्यशासन ध्वस्त भएको छ ।

"सुभाषिता वाचा पत्राँ" को ज्ञान अनुरुप मृदु बोली बोल्ने र सत्य बोल्ने नैतिकताको शिक्षा दिनु सबैको लागि अनिवार्य देखिन्छ । यदि बाल बालिकाहरुलाई सधैं भूठो बोल्न नहुने भन्ने कुरा सिकाइन्छ भने मात्र "सुभाषिता वाचा पत्राँ" यथार्थमा "सुभाषिता वाचा पत्राँ" होला ।

वास्तवमा बुद्धले भन्नुभएकोछ कि मानिसको आँखा, कान मुख, हात, खुट्टा र मन मात्र सुधारिनु पर्दछ अर्थात समन गरिनु पर्दछ ।

माथि उल्लेखति शिक्षा पद्धतिको चार पक्षलाई लागू गरी आचरण गर्न सके देश र समाजको कल्याण हुनेछ ।

बुद्धले बताउनु भएको शैक्षिक नियम अनुसार "सुभाषिता वाचा पत्राँ" अर्थात बोल्ने कला, शिष्ट भाषा बोल्ने ज्ञान, मधुरो तथा मृदु भाषा बोल्ने ज्ञान र संयमपूर्वक व्यवहार गर्ने ज्ञान दिएर बच्चाहरुलाई तालिम गर्ने व्यवस्था भए उत्तम हुनेछ ।

*


सुन चाँदी खरिद बिक्रीका साथै
आधुनिक किसिमका गर-गहनाहरुकोलागि
हामीलाई सम्भनुहोस् ।

बुद्धाचार्य गहना गृह

१/८२ मोहरियाटोल, संगमचोक
पोखरा

फोन : (०६१) २०२४२, २३९२१

# बौद्ध दर्शन

## गौतम बुद्धका आधारभूत सिद्धान्तहरु

बुद्धका उपदेशहरु बुझ्न पाठक वर्गले सर्वप्रथम उहाँका चार आधारभूत सिद्धान्तहरु - तीन अस्वीकारात्मक र एउटा स्वीकारात्मक, बुझ्नु पर्दछ। ती चार सिद्धान्तहरु यस प्रकार छन् -

१ ईश्वरलाई नमान्नु : अन्यथा मानिस स्वयं आफ्नो मालिक हो। यस सिद्धान्तको विरोध हुनेछ।

२. आत्मालाई नित्य नमान्नु : अन्यथा सधैं एकनास मान्नुपर्दा त्यसको परिशुद्धी र मुक्तिको अवसर नै रहने छैन।

३. अन्य कुनैलाई पनि स्वतः प्रमाण नमान्नु : होइन भने बुद्धि र अनुभवको प्रमाणिकता रहने छैन।

४. जीवन प्रवाहलाई यसै शरीरसम्म सीमित मान्नु : अन्यथा जीवन र त्यसका विचित्रताका कारणहरु नियमबाट उत्पन्न नभएर केवल आकस्मिक घटनाहरु भएर रहनेछन्।

यी चारवटा कुराहरु बौद्ध धर्ममा सर्वमान्य छन्। त्यस बारेमा हामी यहाँ अलग-अलग बिचार गर्नेछौं।

### ईश्वरलाई नमान्नु :

ईश्वरवादीहरु भन्दछन् - हरेक कार्यको कारण हुन्छ, अतः संसारको (सृष्टि बारे) पनि एउटा कारण हुनुपर्दछ र त्यो कारण हो ईश्वर- तर प्रश्च उठ्न सक्छ - ईश्वर कस्तो छ ? त्यो उपादान कारण (भौतिक कारण) के हो , जस्तो माटोबाट घैंटो बन्दछ, सुनबाट गहना बन्दछ। यदि संसारको उपादान कारण (निर्माणको भौतिक साधन) ईश्वर हो भने, यस संसारलाई ईश्वरको रुपान्तर मान्नु पर्दछ। त्यसो हो भने संसारमा जतिपनि असल खराब, सुख, दुःख, दया, निर्दयता देखिन्छन् ती सबै ईश्वरसँग छ र ईश्वरबाटै यस संसारमा प्रतिष्ठापित भएको हुनु पर्दछ। यसरी हेर्दा ईश्वरलाई सुखमयभन्दा पनि दुःखमय धेरै छ भन्नु पर्दछ किनभने यो संसारमा दुःखको पक्ष नै बलियो देखिन्छ। ईश्वरलाई दयालुभन्दा पनि क्रुर भन्नुपर्ने हुन्छ किनभने संसारमा चारैतिर क्रुरताको साम्राज्य फैलिएको छ। कदाचित वनस्पतिलाई जीवधारी प्राणी नमानौला, तपानि शूक्ष्मदर्शक यन्त्रबाट देखिने किटाणुदेखि लिएर कीरा-फट्याङ्ग्रा, चरा, माछा, सर्प, छेपारो, गिद्ध, ब्वाँसो, सिंह, बाघ, सभ्य-असभ्य मानिसहरु सबै परस्परमा मार्न, मर्न र मराउन तयार छन्। ध्यानपूर्वक हेर्ने हो भने दृश्य-अदृश्य सारा संसारनै एउटा रोमाञ्चकारी युद्धक्षेत्र देखिन्छ जसमा निर्बलियालाई बलियाले ग्रास बनाईरहेका छन्। पूर्वजन्मलाई नमान्ने धर्महरुले त यसलाई चुपचाप स्वीकार गर्नु पर्ने हो। पूर्वजन्मवादीहरु यस्तो पनि भन्न सक्छन् - यो सबै आपतको कारण पूर्व कर्मको फल हो तर यो पनि सोच्नुपर्ने नै विषय हुन जान्छ। खराव-असल कर्मको उत्तरदायी त जो कर्ता हो त्यही मात्र हुन सक्छ। बहुला, नशमा होस हराएको वा अबोध बालकलाई हत्याको दोषी ठहऱ्याउन सकिदैन। यसबाट कसले इन्कार गर्न सक्दछ जब मानिस बाहेक अर्को त्यस्तो प्राणी जसले आफ्नो असल खराब कर्महरुबारे सुझबुझ राख्दैन र जसको जीवन अर्काको हत्यामा भर पर्दछ - आफ्ना कर्महरुको जिम्मेदार हुन सक्दैनन् ? मानिसहरुमा पनि बालक, बहुला आदिलाई अलग राखिखिने हो भने दायित्व बहन गर्नेहरुको संख्या थोरै मात्र हुन सक्ला। यदि संसारमा जवाफदेही मानिसहरुको संख्या डेढ अरब छ भनि मान्ने हो भने यतिका फल भोग्नेहरु कहाँबाट आउलान् जसको संख्या यति अपार छ ? डेढ अरबभन्दा बढी त कछुवाहरु होलान्। तिनीहरु मानिसभन्दा दीर्घजीवी हुन्छन् भने कीटाणुँ तथा हात्ती, ह्वेल जस्ता विशालकाय जनावरहरुबारे के कुरा गर्ने ?

उपादान कारण छ भने निर्विकार कसरी हुनसक्छ ? यदि ईश्वरलाई निमित्त कारण मान्ने हो भने, अर्थात् त्यसले संसारलाई त्यसरी नै बनायो जसरी कुम्हालेले घैंटो बनाउँछ, सुनारले गहना बनाउँछ भने अब प्रश्न उठ्छ के ईश्वरले उपादान कारण विना नै संसारको निर्माण गर्‍यो, अथवा उपादान कारणको मद्दत लिएर ? यदि विना उपादा कारण हो भने अभावबाट भावको उत्पत्ति भएको मान्नुपर्ने हुन्छ, त्यस अवस्थामा कार्य कारणलको सिद्धान्त नै असफल हुन जाला, फेरि संसारलाई देखेर त्यसको कारण ईश्वरलाई मान्नुपर्ने आवश्यकता नै के रह्यो त ? जादू गरेर विना कारण संसारलाई मायामय उत्पन्न गरेको हो भने स्वयं प्रत्यक्ष नै मायामय भएपछि के आधारमा ईश्वरको अस्तित्वलाई मान्ने ? यदि उपादान कारणले बनाउँछ भने, कुम्हालेले झैं अलग बसेर बनाएको हो वा त्यसमै ब्याप्त भएर ? अलग भएपछि सर्व व्यापक भन्न सकिन्न र सृष्टि गर्न उसले अन्य सहायक र साधनहरुमा भरपर्नु पर्नेहुन्छ । विद्युतकणहरु भन्दा पनि सूक्ष्म न्यूट्रानहरु (Neutrons) सम्म पुग्न र त्यसको संयोजनाबाट क्रमश: झनझन ठूलो जीचहरु बनाउन उसले कस्तो ज्यावल (औजार) सुनारको सनासो जस्तो, प्रयोग गर्‍यो होला र उसलाई कसरी सर्व शक्तिमान भन्नुपर्ला ? यदि उसले उपादान कारणमा सर्व व्यापक भएको मान्ने हो भने उपादान कारण विना उत्पादन गर्न असक्षम भएपछि शक्तिमान भन्न सकिन्न । यस्तो अवस्थामा अपवित्रता, क्रुरता आदि खरावीको स्रोत बनेको दोषी पनि भन्नुपर्ला ।

यसप्रकार उनी न उपादान-कारण हुन सक्छ, न त निमित्त कारण । संसारको आदि कारण हुनुपर्छ भनने आवश्यकता छैन । यदि त्यसको कारण को हो ? भन्ने प्रश्न संसारको सूक्ष्मतम वस्तु वा त्यसको विशेष शक्ति माथि गर्न न दिने हो भने ईश्वसम्म मात्र किन सीमित मान्नु पर्ने ? ईश्वर सृष्टिको कारण पनि अर्के छ भनि किन मान्न नपर्ने ? यसरी ईश्वरलाई आदि कारण मान्ने कुरा युक्तसंगत छैन । ईश्वर नै कर्ताधर्ता भएपछि मनुष्य त उसको हातको खेलौना हुन जान्छ र त्यसले असल खराव कामको निमित्त जवाफदेही हुन सक्तैन । फेरि संसारमा यसरी मानिस सताइनु के यही नै ईश्वरको दयालुपनको उदाहरण हो ?

ईश्वरलाई सृष्टिकर्ता मान्नु पनि ठिक कुरा होइन । यदि सृष्टि अनादि हो भने त्यसलाई कुनै पनि कर्ताको आवश्यकता पर्दैन, किनभने कर्ता हुन त्यसले कार्य शुरु गर्नुभन्दा पहिलेदेखि नै उपस्थित हुनु पर्दछ । यदि सृष्टि आदि हो भने, करोड, दुई करोड, अर्ब दुई अर्ब मात्र होइन अत्यन्त अनन्त वर्षदेखि लिएर सृष्टि उत्पन्न हुन लागेको समयसम्म त्यस क्रियारहित ईश्वर भएको के प्रमाण ? क्रिया नै त उसको अस्तित्वको प्रमाण हुनसक्छ ।

ईश्वरलाई मान्ने हो भने, जस्तो पहिले भनिसकियो, मनुष्यलाई उसको अधीनतामा बसेको मान्नु पर्ला, यदि त्यसो हो भने मनुष्य आफैं आफ्नो मालिक हो, आफूलाई आफ्नो ईच्छा अनुरुप बनाउन सक्छ" - यस ( भनाई) लाई मान्न सकिन्न । फेरि मनुष्यको शुद्धि र मुक्तिको लागि प्रयत्न गर्ने अवसर नै कहाँ रहन जान्छ ? अनि त धर्मले देखाएको बाटो र धर्म पनि निष्फल भएन र ? ईश्वरलाई नमान्दा वर्तमान कालमा मनुष्यको जे जस्तो अवस्था छ त्यो (आफ्नै कर्मले) र भविष्यमा जे जस्तो होला, त्यो पनि आफ्नै कर्म अनुसार हुनेछन् । मनुष्यलाई कामगर्ने स्वतन्त्रता भएपछि मात्र धर्मले देखाएको बाटोमा धर्मको सार्थकता हुन सक्छ । सयौं शताब्दीदेखि नै ईश्वरवादीहरुले धर्मको नाममा अशान्ति र रगतको धारा बगाउँदै आएका छन् । तै पनि ईश्वले यस कुराको समाधान किन गर्दैन ? वास्तवमा ईश्वर मनुष्यको मानसिक सृष्टि हो ।

**मूल लेखक : राहुल साकृत्यायन**

**अनुवादक : ललितरत्न शाक्य**

*क्रमश:*

# बुद्ध र बुद्ध

बुद्धको नाम लिने बित्तिकै हामीलाई एकातिर शाक्यवंशी सिद्धार्थ बुद्धको सम्झना हुन्छ भने अर्कोतिर भगवान् विष्णुको नवौं अवतार बुद्धको सम्झना हुन्छ । हुन त शाक्यवंशी बुद्धलाई नै विष्णुको अवतार मान्ने कुरालाई विरोध पनि गरिआएको पाइन्छ ।

वास्तवमा सम्बद्ध स्रोतहरुको राम्ररी निरीक्षण गर्ने हो भने अवतारी बुद्ध र शाक्यवंशी बुद्ध भिन्नाभिन्नै छन् कि जस्तो लागेर आउँछ । यस सन्दर्भमा पहिलो उल्लेखनीय कुरा त पुराणहरुमा असुरहरुलाई मोहित गरी पथभ्रष्ट गरी देवताहरुलाई शक्तिशाली बनाउन विष्णुको नवौं अवतार भएको मानिन्छ । दोस्रो कुरा, अवतारी बुद्ध, कीकट नामको देश र (मगध वा हालको पटना क्षेत्र) मा जन्मिएका भनी तिनै पुराणहरुमा बताइएको छ । यसको तुलनामा शाक्यवंशी बुद्ध कपिवस्तु अन्तर्गत लुम्बिनीमा जन्मेका हुन् ।

उपर्युक्त अन्तरलाई समर्थन गर्ने अरु केही प्रमाण प्रसिद्ध इतिहासकार दिनेशराज पन्तको "भगवान् बुद्धको समय सम्बन्धी परम्परामा थप कुरा" भन्ने पुस्तिका (लुम्बिनी विकास समिति, वि.सं. २०३६) मा परेका छन् । दिनेशराज पन्तले कालचक्र ज्योतिष परम्पराले बुद्धावतारको जन्म ६९८ इस्वी पूर्वमा भएको तथ्यतिर औंल्याएको बताउनु भएको छ जब कि हाल इतिहासकारहरु शाक्यवंशी बुद्धलाई ५१० इस्वी पूर्वमा जन्मिएको विश्वास गर्छन् ।

दिनेशराज पन्तको उक्त अनुसन्धानबाट बुद्धावतार आश्विन शुक्ल दशमीमा मान्ने परम्परा स्मृतिशास्त्रहरुमा देखिएको छ भने शाक्यवंशी बुद्ध वैशाख पूर्णिमाको दिन जन्मिएको विश्वास गरिन्छ । नेपालका पुराना पात्रोहरुमा पनि आश्विन शुक्ल दशमीमा बौद्धजयन्ती-बुद्धजयन्ती छापिएको पाइने कुरो पन्तज्यूले निर्देशन गर्नुभएको छ । यहाँनिर बुद्धावतारको ध्यान पनि भिन्न मानिएको पाइनु पनि उल्लेखनीय छ । श्री ५ महाराजाधिराज प्रतापसिंह शाहदेवबाट संकलन भई वर्तमान समयमा श्री धनशमशेर ज.ब.रा बाट सम्पादित प्रकाशित "वृहत पुरश्चर्यार्णव" नामको ग्रन्थमा बुद्धावतारको भिन्नै ध्यानको चित्रसमेत छापिएको पाइन्छ । यी छोटकरी चर्चाबाट बुद्धावतार र बुद्ध भिन्न भिन्नै हुन् कि जस्तो लाग्छ ।

यही सन्दर्भमा बुद्धावतारको उपासना र तिनका आंशिक उद्देश्यबारे दुई शास्त्रीय स्रोतहरुको चर्चा गर्नु उपयुक्त हुनेछ । वराहपुराण (अध्याय ४८, श्लोक २०-२२ भित्र) मा "रुपकामो भेजद् बुद्धम्" गरी बुद्धहारित स्मृतिमा विभिन्न देवताहरुलाई तीन गुण (सत्व, रज, तम) अन्तर्गत वर्गीकरण गरेर उपासनाक्रम बताउँदा बुद्ध अथवा बुद्धावतारलाई तामसिक वर्गमा राखिएको पाइनु महत्वपूर्ण लाग्छ । सो स्मृतिको अध्याय ७, श्लोक १७८ मा "बुद्धरुद्रौ...... तसमा देवताश: स्मृत :' भनिएको छ ) । अवतारी बुद्धले असुर (वा विधर्मी) हरुलाई मोहित गरेको भन्ने कुराबाट उनको तामसिक रुवरुपको अन्दाज गर्न सकिन्छ । उता शाक्यवंशी बुद्धका उदात्त उपदेशलाई कदापि तामसिक भन्न सकिने देखिदैन ।

*

**साभार : कान्तिपुर दैनिक**

**(शनिवार ३० वैशाख २०५२)**

# दान, दायक र दाता

– विश्व शाक्य

कोपिल ढुङ्गा, नदीपुरमा विपश्यना ध्यान केन्द्र खोलेपछि साधकहरुको सहभागिता राम्रै बढेको थियो । बिहान बेलुकीको नियमित साधनामा ५/७ जना हुन्थे । केटाकेटीहरु २०/३० जना हुन्थे । असार लागे यता उपस्थिति धेरै न्यून भैरहेको छ । नियमित वर्षा यसको मूल कारण रहन गएको छ । प्रत्येक शनिवार बिहान ७ बजेदेखि ८ बजेसम्म हुने सामुहिक साधनामा आज ९ जना मात्र भइयो । ४ जना महिला ५ जना पुरुष । बिहान ध्यानमा आउने समयमा पानी पर्नाको कारण आजको उपस्थिति सर्वाधिक न्यून रहन गयो । पानीलाई नै दोष दिनु पनि उचित हो जस्तो लागेन, कारण ८४ वर्ष दिलबहादुर परियार त्यति टाढाबाट नियमित रुपमा लुरुलुरु आइरहेका छन् । पानीले नै छेकेको भए उनलाई पनि त छेक्नु पर्ने थियो ।

साधना पछि बरेण्डामा गोविन्द भाइ र सरोज दाइसँग साधाना सम्बन्धी केही चर्चा भयो । चर्चाकै प्रसंगमा गोविन्द भाइले विपश्यना केन्द्रको लागि जग्गा किन्ने बारेको कुरामा एकजना दाताले आर्थिक सहयोग गर्न चाहेको बताउनु भयो । दाताले शीलामा नाम उल्लेख गर्ने व्यवस्था भए नभएको बारे जान्न चाहेको कुरा पनि बताउनु भयो । यस बारे आधिकारीक छलफल नभैसकेको हुँदा अहिले तत्कालै यसै भन्न नसकिने बताइयो । शीलामा नाम अङ्कित गर्दा अरुलाई पनि प्रोत्साहन हुने कुरा दाताले भनेको कुरा गोबिन्दभाइले सुनाउनुभयो । यसको प्रतिक्रियामा अघिदेखि चुपलागेर बसिरहनुभएका सरोज दाइले टिप्पणी गर्दै भन्नुभयो - "शीलामा नाम लेखेर, दान दिएको वस्तुमा नाम लेखेर अरुलाई प्रोत्साहन हुन्छ होला, तर भन्ने नै भए त्यो त दान भएर ब्यापार भयो नि ।" उहाँले प्रसङ्गलाई अझै अगाडि बढाउँदै भन्नु भयो - "दान दिएर मैले यत्ति दान दिएँ उत्ति दान दिएँ । यो दान गरें, त्यो दान गरें, भनेर नाम अङ्कित गर्नु भनेको पैसा तिरेर सामान किनेको जस्तै दानको नाममा प्रतिष्ठा किन्नु हो । समाजमा आफ्नो प्रतिष्ठा प्रदर्शन गर्नु हो ।"

"वास्तविक कुरा त यो हो" मैले समर्थन जनाउँदै भनें - तर के गर्ने ? मान्छेहरुलाई नाम चाहिन्छ, मान चाहिन्छ, प्रतिष्ठा चाहिन्छ, आत्म सम्मान चाहिन्छ । यो सबै कुरा अरुबाट सम्भव हुँदैन, कारण मानिस अति आत्मवादी छन् । आफू र आफ्नो बाहेक अरुको केही चासो नै राख्दैनन् । त्यसो भएपछि मान्छेले आफ्नो आत्म सम्मान आफैले खोज्न बाध्य हुन्छन् । त्यसको सहज उपाय दान हो । सौजन्यता हो, अनुदान हो ।"

क्षणिक मौनता पछि अफशोचका साथ मैले भनें - तर, अफशोच ! मान्छेको स्वार्थी प्रवृत्ति, मान्छेको अहम र मान्छेको तृष्णाले दानको महत्तालाई यत्ति विघ्न तल गिराईदिएको छ कि जुन अहम स्वार्थ र तृष्णा क्षयको लागि दान दिइने हो त्यही स्वार्थ, अहम र तृष्णा अभिबृद्धि गर्ने काम आज भोलि दान, अनुदान र सौजन्यतामा भैरहेको छ । यो प्रवृत्ति समाजमा क्यान्सरको रुपमा फैलिइरहेको छ ।"

"दाइले ठीक भन्नुभयो ।" गोविन्द भाइले सहमती जनाउँदै भन्नुभयो - "हामीले जुनसुकै धार्मिक संघ, संस्था, मठ, मन्दिरहरुमा हेर्ने हो भने चन्दा दाताहरुको नाम अङ्कित भएको शीलाहरु, जस्ता पातामा लेखिएका बोर्डहरु, भित्तै भरि देखिन्छन् । सार्वजनिक मठ, मन्दिर बिहार गोम्बाहरुमा चढाइएका हरेक वस्तुहरुमा नाम अंकीत गरिएका हुन्छन् ।"

"यति मात्र हो र ?" सरोज दाइले अगाडि बढाउँदै भन्नुभयो - "सिलिङ्गमा जडान गरिएको पंखाका पाताहरु र ट्यूबलाईटमा धरी दाताको नाम लेखिएको हुन्छ । यस्तोलाई के दान भन्ने ? यो त सोह्रआना प्रचार बाजी हो । चुरोट कम्पनीहरु, रक्सी कम्पनीहरु र बियर कम्पनीहरुले देशको कला, संस्कृति र खेलकूद आदिको विकासको नाममा कार्यक्रम प्रायोजन गर्नु र दान दिएको हरेक वस्तुहरुमा भङ्गेरा अक्षरले दाताहरुको नाम उल्लेख गरिनुमा भिन्नता नै के रहन आयो र ? त्यो प्रत्यक्ष ब्यापार भयो, यो अप्रत्यक्ष ब्यापार भयो । त्यो ब्यापार पैसाको भयो, यो

व्यापार प्रतिष्ठाको भयो ।"

'यस्तो कुरामा' मैले प्रसङ्ग बदल्दै भनें - "अरुले जहाँ, जे जस्तो गरे पनि कमसेकम हामी बौद्धमार्गीहरु जो आफूलाई बौद्ध हौं भन्नुमा गौरव समेत महसुस गर्ने गर्छौं । हामीले दानको महत्त्व बारे साधारणभन्दा साधारणसम्म भए पनि जानकारी राख्नु आवश्यक भएको ठान्दछु । त्यही भएर विपश्यना आचार्य सत्यनारायण गोयन्काज्यूले भन्नुभएको दान दिन पनि जान्नु पर्दछ । जानेर बुझेर दिएको दान फलदायी हुन्छ, पूण्य लाभ हुन्छ । नजानेर तृष्णाको वसिभूत भएर दिइएको दान फलदायी हुँदैन । त्यसैले दानको महत्वलाई बुझ्न मात्र भए पनि कमसेकम एउटा दश दिवशीय शिविरमा सहभागी भै सकेको हुनु पर्छ भनेर जोड दिनु भएको । तर सत्य कुरा, सत्य वचन यहाँ कस्लाई पच्छ र ?"

मैले क्रमलाई अगाडि बढाउँदै भनें - "दानको महत्वबारे र दानको फलबारे बौद्ध ग्रन्थहरुमा प्रशस्त चर्चा पाइन्छ । मैले हालसालै मात्र भिक्षु धर्मरक्षितद्वारा लिखित "बुद्ध धर्म के उपदेश" हिन्दी भाषाको किताब पढेको थिएँ । त्यसमा लेखिएको छ । दान कस्तोलाई दिंदा महाफल प्राप्त हुन्छ ? भनेर सोधिएको प्रश्नमा जो शीलवान छ, चरित्रवान छ त्यस्तालाई दिइएको दान महाफलदायी हुन्छ भनिएको छ ।

यसैगरी कसैले दिएको त्यही वस्तुदान र अर्कोले दिएको उस्तै वस्तुदानमा महाफलदायी र महाफलबाट वन्चित हुने हुन्छन् र ? भनेर सारिपुत्रले सोधेको प्रश्नमा भगवान् गौतम बुद्धले स्पष्ट शब्दमा जवाफ दिदै भन्नु भएको छ - कसैले दिएको र अरु कसैले दिएको त्यस्तै वस्तुको दानफल भिन्दाभिन्दै हुन सक्छ । के कारणले यस्तो हुने हो ? भनेर सोधिएको प्रश्नमा भगवान् भन्नु हुन्छ - एउटै प्रकारको वस्तु वा सेवादान भए पनि वस्तु वा सेवादान गर्ने व्यक्तिले दिएको दानबाट आफूले केही (नाम, प्रतिष्ठा, मरणोपरान्त स्वर्गलोक आदि) पाउने इच्छा राखेको छ भने त्यस्तो दानबाट महाफल प्राप्ती सम्भव छैन । होइन केही इच्छा राखिएको छैन र "वहुजन हिताए बहुजन सुखाय' का लागि श्रद्धापूर्वक दिइएको छ भने त्यस्तो दान महाफलदायी हुन्छ ।

दान कै सम्बन्धमा भिक्षुहरुलाई सम्बोधन गर्दै भगवान् गौतम बुद्धले भन्नु भएको छ - भिक्षुहरु हो ! दायक (दाता) तीन प्रकार हुन्छन् । ती हुन् - दान-दास, दान-सहाय र दान-पति ।

जो व्यक्ति आफू मीठो खान्छ राम्रो लागाउँछ। अरुलाई दिनु पर्दा नमीठो, नराम्रो दिन्छ त्यस्तो व्यक्तिलाई दान-दास भनिन्छ । जो व्यक्ति आफू जस्तो खान्छ, लाउँछ अरुलाई पनि त्यस्तै दिन्छ त्यस्तालाई दान-सहाय भनिन्छ। तेस्रो व्यक्ति जसले आफ्नो भागमा नमीठो राखेर अरुलाई मीठो र राम्रो दिन्छ त्यस्तालाई दान-पति भनिन्छ ।

यसै गरी एक ठाउँमा दान दिनुपर्ने आठवटा कारणहरु बताउनु भएको पाइन्छ जस्तो :- १, आशक्ति बस दान दिनु । २, डरको कारण दान दिनु । ३, पैंचो तिर्ने रुपमा दान दिनु । ४, उसले पनि देला भन्ने आश गरेर दान दिनु । ५, दान दिनु राम्रै हो भन्ने सोचेर दान दिनु । ६, भएकोले नभएकोलाई नदिनु राम्रो नहुने सोचेर दान दिनु । ७, दिइएको दानले आफ्नो मगल कीर्ति र यश फैलिन्छ भन्ने सोचेर दान दिनु । ८, चित्त सुद्दी र चित्त परिष्कारको लागि दान दिनु । यसरी दान दिनु पर्ने आठ कारणहरु बताउनु भएको छ ।

दानको महत्वलाई अझ अरु विस्तारित रुपमा बताउनु हुँदै भगवान्ले भन्नुभएको छ -

**सब्बदानं धम्मदानं जिनाति**
**सब्बरसं धम्मरसो जिनाति ।**

(सबै दानहरुमा धर्मदान उत्तम छ, सबै रसहरुमा धर्मरस उत्तम छ ।)

मैले उपरोक्त सूत्र भनेको मात्र के थिएँ सरोज दाइले खिन्न हुँदै भन्नुभयो - "धर्मरस उत्तम त हो तर के गर्नु धर्मको रसलाई अधर्मको रसले खत्तम पारिसक्यो । अधर्म नै धर्म भैसक्यो ।"

गोविन्द भाइ र म सँगै हाँसेर सहमति जनायौं । केटाकेटीहरु ध्यानमा बसिसकेको हुँदा हामी चूप लाग्न बाध्य भयौं । हामी चुप लाग्यौं ।

*

मैले बारम्बार भनिसकें र फेरि-फेरि पनि भन्छु - बौद्ध धर्म र आधुनिक विज्ञानको बीचमा एउटा बलियो सम्बन्ध छ । - सर बडवीन अर्नाल्ड

# कुरा जानेर मात्र हुँदैन

– अनगारिका अनुपमा

धेरैजसो मानिसहरु कामभन्दा कुरा बढी गर्ने हुन्छन् । साँच्चै भन्ने हो भने कुराभन्दा काम बढी हुनुपर्दछ, अनि मात्र मानिसहरुलाई सुख शान्ति प्राप्त हुन्छ । हामी सुख चाहन्छौं । दुःख चाहँदैनौं, तर मानिसहरु दुःख हुने काम मात्र गरिरहन्छन् । सुख हुने बुद्धको उपदेशमा ध्यान दिँदैनन् । त्यसैले उपदेश अनुसार यथार्थ काम हुँदैन । बुद्ध पूजा गर्दा खेरि 'इमाय धम्मानु धम्म पति पत्तिया बुद्ध पूजेमि' भनी पढ्ने गर्छौं । यसको अर्थ हो यो धर्माचरणद्वारा मैले बुद्धलाई पूजा गरिरहेको छु । मैनाले जस्तै भनिरहन्छौं । ब्याधा आउँछ पासो थाप्छ, पासोमा भएको आहारा खान नजाउ भन्दाभन्दै पासोमा भएको आहारा खान गए जस्तै पालन गर्दैन, त्यसबेला सम्म बुद्धको चाहना अनुसार पूजा हुने छैन ।

बुद्धलाई अभिषेक पूजाभन्दा प्रतिपत्ति पूजा मन पर्छ । त्यसै भनेको कारण आफू धुपदिप, फलफूल राखी पूजा गर्नुभन्दा उहाँले बताउनुभएको नियम शिक्षा राम्रोसँग पालन गर्‍यो भने मात्र कर्म राम्रो हुन्छ । कर्म राम्रो भयो भने मात्र जीवन सुधार हुन्छ । कर्मफल भने चाहान्छु तर काम भने नराम्रो भयो, फेरी कहाँबाट राम्रो कर्मफल भोग गर्न पाउँछ ? जस्तो बिउ रोप्यो त्यस्तै मात्र कर्मफल फल्छ । त्यसैले बुद्धले धम्मयदमा आज्ञा गर्नु भएको छ ।

**यादिसं वपते बीजं तादिसं हरते फल ।**
**कल्याणकारी कल्याणं, पापकारी चपापकं ॥**

जस्तो बिउ रोप्छौं उस्तै फल फल्छ । राम्रो कल्याणकारी काम गर्‍यौं भने राम्रो हुन्छ । नराम्रो (पापको) काम गर्‍यौ भने उस्तै नराम्रो मात्र फल फल्छ । मानिसहरु रोप्ने बेलामा नराम्रो बिउ रोप्छ, त्यसको फल फल्दा भने राम्रो फलोस भन्ने चाहान्छ । त्यस्तो कदापि हुन सक्दैन । यदि राम्रो फल फलाउने इच्छा भयो भने राम्रो बिउ रोप्नै पर्छ । हामी मानिसहरु पनि राम्रो फल चाहान्छौं भने राम्रा सत्पुरुषहरुसँग संगत गरी कुशल कर्म गर्न सक्नु पर्‍यो । त्रीरत्नलाई राम्रोसँग बुझ्नु पर्‍यो । बुद्ध धर्म संघलाई नै त्रीरत्न भन्दछन् । यो अमूल्य रत्न समान हो । चार असंख्य र एक लाख पारमिता धर्म पूरा गरे पछि मात्र लोकमा एक जना बुद्ध उत्पत्ति हुन्छ । त्यसैले अमूल्य रत्न समान हो । उहाँले बुद्ध भएर ४५ वर्ष भित्र '८४ हजार धर्म स्कन्ध' देशना गर्नुभयो, त्यसलाई 'धर्म रत्न' भन्दछन् । त्यो धर्मलाई पालन गरी रक्षा गरिरहनेहरुलाई नै संघ भन्दछन् । त्यसैले बुद्ध धर्म संघ ज्यादै अनमोल रत्न हो । सूर्य जस्तो भनि उपमा दिइएको छ । त्यो प्रकाश उज्यालो भएकोले मानिसहरुले हरेक प्रकारका काम गरेर फाइदा लिई रहेका छन् । यदि सूर्यले प्रकाश वा ज्योति दिन नसकेको भए मानिसहरुले फाइदा लिन सक्तैन, सूर्य भएको महत्व हुँदैन । अन्धकारलाई नाश गर्नु भई प्रज्ञा रुपी आलोक (ज्योति) प्रकाशमान गर्नुभयो । उहाँले धर्म प्रकाश गर्नु भएकोले धर्म पालन गर्न संघहरु पनि गठन गर्नुभयो । लोकमा बुद्ध बिना धर्म हुँदैन धर्म बिना संघ हुँदैन, त्यसैले तीन रत्न समान हुन् भनिएको छ ।

बुद्धलाई मन पर्ने पूजा नै प्रतिपत्ति पूजा हो । दैनिक जीवनमा व्यवहारमा प्रयोग गर्दै लानुपर्ने हो । जति जीवनमा प्रयोग गर्दै लान सकिन्छ त्यत्ति नै शान्ति प्राप्त हुन्छ । यो कुरा बुझ्न थाइल्याण्डको एक घटना प्रस्तुत गर्दछु ।


दुई जना पतिपत्नीको परिवार रहेछ । पति चाँही बिहारमा जाँदो रहेछ । पत्नी भने पति बिहारमा गएको देखि नहसहने रहेछ । पतिले पत्नीलाई बिहारमा गएर शील पालन गर, धर्म उपदेश सुन भनि भन्दो रहेछ, तर तिनीलाई सँगै लिएर जान सकिरहेको रहेनछ । श्रीमती भने श्रीमानलाई बिहारमा नपठाउन खोज्दिरहिछे । श्रीमानले श्रीमतीलाई बिहारमा लैजान खोज्दो रहेछ । दुवै जनाको च्याङ्ग ठ्याङ्ग नमिलेर फसाद पर्दोरहेछ ।

एकदिन पत्नीले विहारमा जाने आफ्नो पतिले व्यवहारमा पनि बुद्धवचन पालन गर्न सक्ने हो कि होइन भनी परीक्षा लिन खोजिन् । एक दिन भात गीलो गरी पकाई राखीन् । श्रीमान बिहारबाट फर्केर आयो । श्रीमती दौडेर आई "आज भात गिलो भयो के गर्ने" भनिन् । श्रीमानले भन्यो - "भात गिलो भए पनि सजिलो होला" । श्रीमतीको मनमा लाग्यो "अँ रिसाउन त नरिसाउने रहेछ, अघि अघि अलिकति गिलो भए पनि रिसाएर नखाने मानिस अब भने सन्तोषी भएको पाइयो" उनी खुसी भइन । त्यसको भोलिपल्ट एकदम कडा, फुररर् हुने गरी भात पकाइ राखी । आज के भन्दो रहेछ हेरौंला भनी श्रीमान भित्र पस्नासाथ आज भात साह्रो भयो नरिसाउनुहोस् भनिन् । पतिले "फरफराउँदो साह्रो भात झन् मिठो, गुलियोसँग खान पाइन्छ किन रिसाउनु ?" भन्यो । पत्नी चाँहिको हृदय अलि भरिएर आयो । पतिको रिस कम भएर गएको देखेर पत्नीको मन पनि कमलो भयो ।

भोलि पल्ट फेरी भात डढ्ने गरी पकाइ राखिन् । पति आउने वित्तिकै "आज पनि भात डढ्यो भनिन् ।" श्रीमानले "बास आउला, झन मिठो होला" भन्यो । अनि श्रीमतीको मनमा लाग्यो - बिहारमा जाने गरेपछि स्पष्ट रुपमा व्यवहार परिवर्तन हुने रहेछ ।

चौथो दिन पनि परीक्षा गरेर हेर्ने भनि सबभन्दा माथि काँचै साह्रो भात, बिचमा गिलो र सबभन्दा तल पींधमा डढाएर भात पकाई राखिन् । आज त श्रीमान रिसाएर भात पकाएको भाँडै समेत फालिदिनेछन् भनि सोचेर बसी रही । पति आउने वित्तिकै डराए जस्तो गरी भनिन् - "हिजो भात नपाकेको काँचो मात्र भयो भनेको त आज झन् कतै साह्रो, कतै गिलो पनि भयो, डढ्न पनि डढ्यो ।" त्यो सुनेर पतिले अचम्म मान्दै भन्यो - "अहो बडो आश्चर्य ! एउटै भाँडामा तीन प्रकारको भात पकाउन जान्ने तिमीलाई बधाइ दिनैपर्छ ।" पत्नीको मनमा गाली दिनेछ भन्ने लागेको त झन बधाइ दिंदा तिनको हृदय परिवर्तन भयो । बिहारमा गइ धर्म उपदेश सुनि शील पालना गर्नाले सहन सक्ने शक्ति प्राप्त हुंदो रहेछ भने त्यो धर्म सानो धर्म होइन भन्ने बुझी । त्यसै दिनदेखि दिनदिनै बिहारमा गई शील पालना गरी धर्म उपदेश सुनी धर्म जीवनमा प्रयोग गर्दै लैजान थाली । त्यसैले भन्न वा बोल्न मात्र जानेर हुँदैन व्यवहारमा ज्याउनु नै धर्म हो ।

*

# झ्याङ्ग छुव छोएलिङ्ग गुम्बाको चिनारी

– भिक्षु श्रद्धानन्द

पोखरामा बुद्ध धर्मको विकासक्रमलाई हेर्दा धर्मशीला बुद्ध बिहार अग्रस्थानमा रहेको पाइन्छ । बुद्ध धर्म सम्बन्धी जानकारी लिन बौद्धहरु जम्मा भई बौद्ध गतिविधि संचालन गर्ने स्थान यही एउटा धर्मशीला बुद्ध विहार थियो । निकै वर्षदेखि सो बिहारले विभिन्न बौद्ध कार्यक्रमहरु संचालन गर्दै आइ रहेको थियो र हालसम्म गर्दै आईरहेको छ । बुद्ध धर्मप्रति मानिसहरुमा श्रद्धा बढ्दै गइरहेको छ । बुद्ध धर्मप्रति मानिसहरुमा चेतना जाग्दै छ । दुई तीन दशकदेखि यता बुद्ध धर्मको विकासकै सिलसिलामा बुद्ध धर्मको प्रचार केन्द्र अर्थात् अध्ययन अध्यापन गर्ने संस्थाको रुपमा धेरै विहार गुम्बाहरु निर्माण भई सकेको पाउँछौं ।

त्यस अवधिभित्र निर्माण भई स्थापना भएका गुम्बाहरु मध्ये तिब्बती शरणार्थी शिविर हेमजामा तिब्बती परम्परा अनुरुप निर्माण गरिएको झ्याङ्गछुव छोएलिङ्ग गुम्बा बडो भव्य र हेर्न लायकको छ । पोखरामा अहिले भएका गुम्बाहरुमा सबभन्दा ठूलो र कलापूर्ण गुम्बा यही नै हो । पोखराको रमणीय स्थलमा यो गुम्बा अवस्थित छ । अहिले पर्यटकीय दृष्टिकोणले पनि यो गुम्बाको महत्व बढेको छ ।

सन् १९५९ मा तिब्बतमा भएको परिवर्तित परि स्थितिले गर्दा धेरै तिब्वतीहरु संसारका अरु बिभिन्न भागमा विशेष गरेर भारत र नेपालमा विस्थापित हुनुपर्‍यो । पोखरामा बनाइएको पहिलो बौद्ध गुम्बा झ्याङ्गछुव छोएलिङ्ग गुम्बा थियो । सन् १९६१ मा टाशि पालकिल तिब्बती बस्तीका प्रमुख कर्मा सेवाङ्ग ग्यूर्मेले पोखरामा बौद्ध समुदायलाई मद्दत गर्न एक योग्य लामालाई पठाउनु हुन पूज्य १६ औं कर्मापाज्यूलाई अनुरोध गर्नु भएको थियो ।

यो निवेदनको जवाफमा पूज्य १५ औं ग्यालव कर्मापालज्यूले पोखरामा गुम्बा स्थापना गर्ने कामको जिम्मा डुपसिङ्ग रिम्पोछेलाई दिनुभयो । सन् १९६३ मा पूज्य १६ औं ग्यावलव कर्मापाज्यूले तिब्बेतीहरु र नेपाली जनताका आध्यात्मिक खाँचो पुरा गर्न लामा डुयसेङ्ग रिम्पोच्छेलाई पोखराको लागि काठमाण्डौ छोड्न आग्रह गर्नुभयो । त्यस हेमजा तिब्वती शरणार्थी बस्तीमा सबभन्दा पहिले बौद्ध उपासना र उत्सव समारोहहरु गर्नको निमित्त एउटा सानो गुम्बा स्थापना गरिएको थियो । धेरै समय काम गरी सकेपछि सबै भक्तहरुको संख्या बढ्यो अभिभावकहरुले तिनीहरुका छोराहरुलाई भिक्षा प्रव्रजित गर्न लामा डुपसेङ्ग रिम्पोच्छेलाई  निवेदन गरे । धेरै समय अघिसम्म त्यस गुम्बामा जम्मा ३५ जना लामा भिक्षुहरु थिए । सन् १९६७ मा पुजनीय दलाई लामाले सो गुम्बाको नाम झ्योङ्गछुव छोएलिङ्ग गुम्बा राखिदिनुभयो र लामा डुपसेङ्ग रिम्पोच्छेको निगरानीमा गुम्वाको (मठको) समुदायलाई आधिकारिक रुपले मान्यता दिनु भयो । तीनवर्षपछि लामा डुपसेङ्ग रिम्पोच्छेज्यूले विस्तार गर्नुपर्ने आवश्यकता महशुस गरी गुम्बालाई वर्तमान स्थानमा सार्नुभयो । उहाँले ठूलो भवन खडा गर्न र सुविधाहरु बढाउन योजना बनाउनुभयो । तर अपशोच उहाँ आफ्नो सपना पुरा गर्न नसकीकनै सन् १९७६ मा परलोक हुनुभयो र केहीकालको निमित्त भर्खरै उद्घाटित गुम्बालाई बिना मुलीको बनाई छोडेर जानुभयो । सन् १९७३ मा पूज्य ग्यालवो कर्मापाले तत्काल २३ वर्ष उमेर पुगेको साङ्गपा रिम्पोच्छेलाई यस गुम्बाको मुख्य अधिपति (मुख्य लामा) मा नियुक्त गर्नुभयो ।

केही वर्ष पछि श्रद्धेय कुन्जिग शामर रिम्पोच्छेले साङ्गपा रिम्पोच्छेलाई सिङ्गापुरमा त्यहाँको उपासकहरुका निमित्त निवासीत रिम्पोच्छे भईदिनुहुन अनुरोध गर्नुभयो । त्यस बेलादेखि साङ्गपा रिम्पोच्छेले सिङ्गापुर र दक्षिण पूर्वी एशियामा धेरै कर्माकाग्युद केन्द्रमा यात्रा गर्न प्रारम्भ गर्नुभयो ।

साङ्गपा रिम्पोच्छेले छिटै कर्मा काग्युद बौद्ध केन्द्र

स्थापना गर्नुभयो र नियमित अध्यापन र उत्सव समारोहको निमित्त स्थायी भवनहरुको खरीद आरम्भ गर्नुभयो । रिम्पोच्छेले पनि नियमित रुपमा दक्षिण र पूर्वी एशिया भरी कर्मा काग्युद केन्द्रहरुमा यात्रा गर्नुहुन्छ । उहाँका चेलाहरुले सिङ्गापुर र पोखराका दुबै केन्द्रहरुमा सम्भार मर्मतको लागि उदारतापूर्वक सहायता दिए ।

त्यस बेला गुम्बामा जीवन कठिन थियो र लामाहरुले आवश्यक सुविधाहरु र स्वास्थ्य उपचारको अभावले गर्दा ठूलो दुःख पाए । साङ्गपा रिम्पोच्छेले गुम्बाको जिम्मा लिएदेखि लामा भिक्षुहरुको जीवनस्तर उठाउने, कल्याण गर्ने र शिक्षाको उन्नती गर्न अथक परिश्रम गरि रहनु भएको छ ।

गत २० वर्षभन्दा बढी समयमा साङ्गपा रिम्पोच्छेले निरन्तर गुम्बाको बिस्तार गर्नुभएको छ र गुम्वामा सुविधाहरु बृद्धि गर्नु भएको छ । त्यस गुम्बाका निवासी लामा भिक्षुहरुलाई सुविधा दिनु भएको छ । सन् १९९१ मा त्यस गुम्वामा एक भब्य कलाकृतिले भरिपूर्ण वर्तमान प्रार्थना हल बनेको थियो । श्रद्धेय कुञ्जिग शामर रिम्पोच्छेज्यूले सो गुम्बाको उद्घाटन गर्नुभयो । तै पनि एक लामा भिक्षुको लागि बौद्ध विश्वासको पूरा समझदारी विकास गर्न प्रार्थना निमित्त ठाउँ प्रयाप्त छैन । बौद्ध शिक्षाको संस्था स्थापना गर्न अनुदानहरु खोजि ल्याएर डिसेम्बर १९९६ मा विक्रमशिला बुद्धिष्ट इन्स्टिच्यूट पूरा गरियो । उहाँले त्यस गुम्बा अन्तर्गत नयाँ नयाँ योजना बनाएर विभिन्न प्रकारका भवनहरुका निर्माण गर्नु भएको छ । जस अन्तर्गत बृद्धि भइरहेको भिक्षुहरुको संख्याको निमित्त नयाँ र ठूला छात्राबासका सदन कक्षहरुका निर्माण पर्दछन् । सो भवनको निर्माण १९९८ को शुरुतिरै पुरागर्ने उद्देश्य राखिएको छ ।

त्यस गुम्वाको प्राथर्ना हल सारा आधुनिक निर्माण सामग्रीले निर्माण गरिएको भएतापनि यसको शिल्पकारिता पारस्परिक तिब्वती ढाँचा अनुरुप छ । मूख्य हलको भित्रपट्टी एउटा ७ फुटे तामा र सुनको पाताको बुद्धको प्रतिमा छ ।

पछाडि भित्तामा बुद्धको दुबै पट्टि यस भाग्यशाली साल (वर्ष) मा बाँचिरहने विश्वास गरिएका १००० बुद्धहरुका प्रतिनिधित्व गर्ने १००० साना बुद्धका मूर्तिहरु छन् । तिब्वती कलाकार श्री दावाद्वारा चित्रकारी गरिएका भित्ते चित्रकारी कामहरुले बुद्धको जन्मदेखि महा परि निर्वाणसम्मको जीवनी वर्णन गरिएको छ । प्रवेशद्वारको दायाँ र बायाँको भित्तामा ६ वटा आभूषणका प्रतिविम्बहरु र दुई सर्वोच्च (महान) पुरुषहरु छन् जसले बुद्धको उपदेशलाई सुन्दर बनाए र तिनीहरुको टिप्पणी मार्फत तिनीहरुलाई सबै कहाँ पुग्न योग्य बनाए - बुद्ध मूर्तिहरु सन्मुखपारेर भित्ताहरुमा १६ जना अरहतहरुका चित्रणहरु छन् जसले बुद्ध परिनिर्वाण हुनुभएपछि उहाँका उपदेशहरु प्रचार गरेर उत्थान गरे ।

प्रार्थना हलको दोस्रो तल्ला निवासको रुपमा र मुख्य लामा साङ्गपा रिम्पोच्छेको भेटघाट गर्ने ठाउँको रुपमा राखिएको छ । तेस्रो तल्ला पुर्ख्यौली गुरु वा स्वामीका माटाका मूर्तिहरु र प्रतिमाहरुले सो घरको भित्तापट्टी सजाइन्छन् । त्यस घरमा कङ्जुर (बुद्ध वचन) को १०२ (भोलुम) पुस्तकको ठेली र टङ्ज्यूर भारतीय बौद्ध गुरुद्वारा लेखिएका टिप्पणीको २१५ पुस्तकको ठेली राखिन्छन् ।

श्रद्धेय साङ्गपा रिम्पोच्छेज्यूको परिश्रम र प्रयासले गर्दा त्यस गुम्वामा बसेका लामा भिक्षुहरुको शैक्षिक योग्यता बढाउन बौद्ध शिक्षण संस्था संचालन गर्ने व्यवस्था भएको छ । घेलुङ्ग लामा भिक्षुहरुलाई बुद्ध शिक्षा दिलाउन "बिक्रम शीला बौद्ध संस्था" संचालन भइरहेको छ । यो शैक्षिक सुविधाले औपचारिक विश्वविद्यालय सम्वन्धी पूर्जा मिलाउने काममा लामा भिक्षुहरुलाई तिनीहरुमा बुद्ध धर्मको ज्ञान बढाउने अवसरको प्रवन्ध मिलाउने उद्देश्य राख्दछन् । पूर्ण समयको अध्ययनको नौ वर्ष पूरा गरेपछि भिक्षुहरु अरु संस्थाहरुमा पठाउन योग्य हुने छन् ।

यस संस्थामा राखिएका पाठ्यक्रम मुख्य पाँच

विषयहरुमा केन्द्रित छन् । (१) प्रामाण (२) माध्यविक (३) विनय (४) प्रज्ञा पारमिता (५) अभिधर्म । भिक्षुहरु अंग्रेजी, नेपाली, तिब्बती ब्याकरण कक्षमा पनि पढ्न बस्छन् र पुराना भिक्षुहरुका निमित्त कम्प्युटर कक्षा भरखरै विकास गरिएको छ । झ्याङ्ग छुब छोएलिङ्ग गुम्वामा दुई वर्ष अघि मात्र औपचारिक शिक्षा शुरु भयो । त्यस गुम्बाका समुदाय पनि छ । त्यहाँ ८० जना लामाहरु बस्छन् । साधारण तवरले अभिभावकहरुले आफ्ना केटाकेटीहरुलाई १० वर्षको उमेरमा गुम्बामा ल्याउँछन् र भिक्षु बनाउन चाहन्छन् तर ती केटाहरुले पनि प्रव्रजित हुन इच्छा गरेको हुनुपर्छ । अनिमात्र प्रव्रजित गरिन्छ । भिक्षु विभिन्न मुलुकबाट आएका हुन्छन् । कोही तिब्बती, कोही नेपाली र अरु पनि भिक्षु बन्न आउँछन् । तिनीहरु मुख्य लामा साङ्गपा रिम्पोच्छेको निर्देशनमा गुम्बाका भागहरुमा बस्छन् र अध्ययन गर्दछन् । गुम्बासँग सम्बन्धित समुदायहरु त्यही वरपर बसोवास गर्छन् । तिनका केटाकेटीहरुका लागि पनि स्कूल संचालन भईरहेको छ । गृहस्थी अभिभावकको लागि रोजगारीको रुपमा बजार ब्यवस्था पनि गरिएको छ ।

त्यहाँ ६.३० बजे विहानको प्रार्थना पूजा सत्रसँगसँगै भिक्षुहरुको निमित्त दान दिने क्रम शुरु हुन्छ जुन अवधि अन्तर्गत तिनीहरुले दुई प्रार्थनाहरु (मन्त्रहरु) पढ्छन् । मञ्जुश्री (ज्ञानको निमित्त देवताहरु) को प्रार्थना र हरित तारा (बिघ्नवाधा हटाउने देवताहरु) को प्रार्थना । विद्यालय विहान ८.०० बजे शुरु हुन्छ र ३.३० बजे अपरान्ह बन्द हुन्छ र स्वाध्यायनको निमित्त कक्षा समय बाहेक समयावधि तोकिदिएका छन् । बेलुकी ४.०० बजे सन्ध्याकालीन प्रार्थना शुरु हुन्छ र महाकाल प्रार्थना (बुद्धका उपदेशहरु अभिभावकहरुलाई) संगीतमय बाजाका साथ गरिन्छ । सूचिपत्र लिएर बौद्ध भिक्षुको विकासमा अध्ययनसँगै प्रार्थना एकै किसिमसँग मिलाएर गरिन्छ ।

यो झ्याङ्गछुव छोएलिङ्ग गुम्बा पोखरामा बुद्ध धर्मको प्रचार-प्रसार तथा विकासको मुख्य केन्द्र मान्न सकिन्छ । साथै पर्यटकीय विन्दुमा यो पनि एक विन्दुको रुपमा लिइएको छ । यस गुम्वाले योग्य भिक्षुहरु उत्पादन गरी गाउँ गाउँमा बुद्ध शिक्षाप्रचार गर्न टेवा मिल्ने आशा गर्न सकिन्छ, बहु जनको हित र सुख हुने छ ।

*

धर्मको विषयमा तुलनात्मक अध्ययन गर्ने एकजना विद्यार्थीको हैसियतले मैले बौद्ध धर्म नै आजसम्म संसारमा प्रार्दुभाव भएका धर्महरु मध्ये सबैभन्दा परिपूर्ण भएको धर्म भन्ने ठानेको छु ।

*- प्रो कार्ल गुस्टेय जंग*


**यहाँ हरेक किसिमका काठबाट निर्मित फर्निचरहरु तयारपारी बिक्री गर्नुका साथै अर्डर अनुसार घर डेकोरेशन समेत गरिन्छ ।**

**पूर्ण फर्निचर उद्योग**

नयाँसडक, पोखरा । प्रो. ज्ञानबहादुर नेपाली

# रक्तदान सम्बन्धी अन्तरक्रिया

आ.व. २०५४/०५५ मा सबैभन्दा बढी युनिट रगत संकलन गरे वापत रक्तसंचार केन्द्रबाट प्राप्त रनिङ्ग शिल्ड दाताहरुलाई जानकारी तथा धन्यवाद ज्ञापन गर्ने कार्यक्रमका साथ साथै रक्तदाता, आयोजक, प्रायोजक र नेपाल रेडक्रस सोसाइटी, रक्तसंचार केन्द्र पोखराका प्रतिनिधि बीच साउन ९ गते युवा बौद्ध संघ पोखराको आयोजनामा अन्तरक्रिया कार्यक्रम सु-सम्पन्न भयो ।

बुद्ध पूजा र शील प्रार्थनापछि शुभारम्भ भएको अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै भिक्षु श्रद्धानन्दले बुद्ध धर्म र शिक्षामा दानको सर्वाधिक महत्व भएको चर्चा गर्नुहुँदै रक्तदान जस्तो कार्यमा युवाहरु सक्रिय देखिनु समाजको लागि ठूलो उपकार हो भन्नुभयो । धर्मोदय सभा कास्कीका सचिव तथा पोखरा विश्व विद्यालयका रजिष्ट्रार प्रकाशमान गुभाजूले शुभेच्छा प्रटक गर्ने क्रममा नाम, प्रतिष्ठा वा कुनै पनि स्वार्थले लालच राखेर दिएको दान फलदायी नहुने बताउनु हुँदै युवाहरुले दानको महत्वलाई बुझेर नामको लालचमा हिड्न नहुने बताउनुभयो । यसै गरी ज्ञानमाला संघका अध्यक्ष कृष्णमान गुभाजूले ९ युनिट रगत संकलन गरेर प्रारम्भ गरेको धर्मशीला बुद्ध विहारको रक्तदान कार्यक्रम आजै आएर युवा बौद्धहरुले २१७ युनिट रगत संकलन गरेर रनिङ्ग शीलड प्राप्त गर्न सफल भएकोमा बधाइ र शुभकामना व्यक्त गर्नुभयो ।

अन्तरक्रिया कार्यक्रममा पोखरामा दोस्रो सर्वाधिक बढी रक्तदान गर्ने ईच्छा मान बुद्धाचार्यले रक्तादाता तथा प्रायोजकको हैसियतले रक्तदान जीवन दान हो भन्ने विषयलाई साधारण जनस्तरसम्म पुऱ्याउन विद्यालयहरुका पाठ्यक्रममा समेत समावेश गर्नुपर्ने सुझाव दिनुभयो । यसैगरी मैत्री संघ पोखराका अध्यक्ष विश्व शाक्यले शुभेच्छा प्रकट गर्ने क्रममा रक्तदान कार्यक्रम आयोजना गर्दा रक्तदाताहरु निरुत्साहित हुने किसिमको दुर्घटनाहरु हुन नदिन सबै सतर्क र सचेत हुनुपर्ने बताउनुभयो भने रक्तदानमा सहभागी रक्तदाता अमृतकुमार घिमिरेले रक्तदानको विषयमा व्यापक प्रचारप्रसार हुनुपर्ने बताउनुभयो ।

विभिन्न वक्ताहरुको सुझाव र प्रतिक्रियाहरुको जवाफका साथै शुभेच्छा प्रकट गर्दै रक्त संचार केन्द्र पोखराका संयोजक शिवप्रसाद कोइरालाको छोटो समयमै रक्तदान सम्बन्धी प्रचारप्रसारको लागि आवश्यक सामग्री तयार गरिहाल्ने बचन दिनुभयो भने नेपाल रेडक्रस सोसाईटी कास्कीका सभापति गेहेन्द्रेश्वर कोइरालाले कम गुणस्तर को रक्त थैली र सियोको कारणले विगतका दिनहरुमा र क्तदाताहरुले पीडा भोग्नु परेको स्वीकार गर्दै अब उप्रान्त यस तर्फबाट सचेत हुने बचनबद्धता प्रकट गर्नुभयो । यसैगरी रक्तसंचार केन्द्रका प्राविधिकको तर्फबाट चेत गुरूङले रक्त संचार केनद्रले रगत बिक्री गर्छ भन्ने हल्ला निराधार रहेको बताउनुहुँदै बिरामीले तिर्ने गरेको रकम रगतको लागि नभएर रगतमा हुने जीवाणु परीक्षणको शुल्क हो । वास्तविकता नबुझेर बिरामीहरु भ्रममा पर्ने गरेको कुरा गुरुङ्गजीले बताउनुभयो ।

शुभेच्छा मन्तब्य पछि छलफल तथा अन्तरक्रिया कार्यक्रम राखिएको थियो । उक्त कार्यक्रममा प्रकाशदेव पालिखे, कृष्णमान गुभाजू, गोविन्द ताम्राकार, बीलबहादुर गुरुङ्ग (सचिव बौद्ध अर्घौं सदन) प्रकाश उदास र मनोज बुद्धाचार्यले आफ्ना जिज्ञासा राखेका थिए । त्यसको उत्तर नेपाल रेडक्रस सोसाइटी कास्कीका अध्यक्ष गेहेन्द्रश्वर कोइराला र प्राविधिक चेत गुरुङ्गले दिनुभएको थियो ।

युवा बौद्ध संघका अध्यक्ष उत्तममान बुद्धाचार्यको सभापतित्वमा भएको उक्त कार्यक्रम उपाध्यक्ष प्रकाश उदासले स्वागत भाषण गर्नुभएको थियो भने सचिव विक्रम बुद्धाचार्यले कार्यक्रम संचालन गरेको थियो ।

*

# सत्व प्राणीको जयमंगल गरौं

श्रा. संघरक्षित

द्वेष भावले होइन साथी
मैत्री चित्तले मानव हृदय जितौं ।
प्राणीमात्रलाई प्रेम, दया, सदीच्छा राखी
परोपकार कार्यमा संलग्न बनौं ॥

दुःखी अनाथप्रति दया राखी
आफ्नै दुःख सम्झी सहयोग गरौं ।
अरुको दुःखमा मज्जा नलिई साथी
सर्वजनप्रति करुणा दृष्टिले हेरौं ॥

आफू राम्रो काम गरिकन साथी
अरुलाई पनि उत्प्रेरित गराऔं ।
परजनको उन्नतिमा डाहा इच्छा गरी
आफूले आफैलाई रोगी नबनाऔं ॥

अर्काको विजयमा पनि हर्षित भई
परामानन्दको अनुभूति गर्न सिकौं ।
परजन वा अन्जानमा दुःखमा पुग्दा साथी
उपेक्षाभाव जागृत गरी सहनशील बनौं ॥

काम क्रोध, लोभ मोहबाट अनि
छुटकारा पाउन बुद्धको शरणमा जाऔं ।
मैत्री, करुणा, मुदिता, उपेक्षा भाव बाट
सत्व प्राणीहरुको जयमंगल गरौं ॥


नारायणी पाउरोटी
जय श्री नागीना बेकरी प्रोडक्ट्स
मोहरियाटोल, पोखरा
फोन : २०२४७
❄❄❄
जलबि बेकरी प्रोडक्ट्स
बगालामुखी, पाटन
❄❄❄
ब्लूमोहर बेकरी इण्डष्ट्रिज
बखुण्डोल–३, पाटन
फोन : ५२८१४०

उच्च स्तरीय
घुम्ने कुर्चीं
(Revolving Chair)
ब्यूटी पार्लर कुर्चीं चाहिएमा
सम्झनुहोस्
सिको स्टील फर्निचर
तेर्सापट्टि, पोखरा
फोन : २८५२७

# जन नायक बी.पी. कोइरालाको



१६ औं पुण्य स्मृति दिवसको उपलक्ष्यमा देशलाई प्रजातान्त्रिक समाजवादको बाटो हिंड्न प्रेरणा मिलोस् भन्दै महान नेता बी.पी.प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

| रामेश्वर मल्ल | कृष्ण पराजुली | बिरेन्द्र बिजुक्छे |
|---|---|---|
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| वडा नं. २ तथा | वडा नं ४ तथा | वडा नं. ८ तथा |
| वडा समिति परिवार | वडा समिति परिवार | वडा समिति परिवार |

स्कूल तथा क्याम्पस लेवलका

पाठ्य पुस्तकहरु, स्तरीय कापी र स्टेशनरी सामानको लागि

सधैं सम्झनुहोस् ।

# हिमालय पुस्तक पसल

बागबजार, बगर, पोखरा-१

प्रो. दिनेश श्रेष्ठ

# पोखरामा पहिलो बाल ध्यान शिविर

मैत्री संघ, पोखराको आयोजनामा पोखरामा पहिलो पटक आयोजित ३ दिवसीय बाल ध्यान शिविर समापन अवसरमा ध्यान गुरु वरिष्ठ सहायक आचार्य आनन्दराज शाक्यले बाल ध्यान शिविरमा विशेषत बुद्ध शिक्षामा आधारित शील, सदाचार र नैतिक शिक्षामा जोड दिंदै आनापान ध्यान (मनलाई नाकको प्वालमा केन्द्रित गरेर स्वास आएको गएको थाहा पाइराख्नु) को माध्यमबाट बाल बालिकाको मन र स्वाभावलाई चंचल हुन नदिई शान्त रहन सिकाईन्छ भन्नु हुँदै यस साधान विधि (कथा श्रवण, खेल, ध्यान) को अध्यासले बाल बालिकालाई सुसंस्कृत गराउन ठूलो सघाउ पुऱ्याउने कुरा बताउनु भयो ।

ध्यान गुरु र प्रशिक्षकरुलाई उपहार प्रदान गर्ने क्रममा संघका अध्यक्ष विश्व रत्न शाक्यले बाल-बालिकाहरुलाई सम्बोधन गर्दै गुरुहरुले सिकाउनु भएको ज्ञानलाई बुझेर त्यसलाई पालना गरेर देखाउनु नै साँचो अर्थमा गुरु दक्षिणा हुने कुरा बताउनुभयो ।

यसै सिलसिलामा ध्यान शिविरबारे स्थानीय बाल मन्दिरको कक्षा ४ मा अध्ययनरत १० वर्षीया सहभागी बालिका सजमिना उदास आफ्नो अनुभव बताउँदै भन्छिन् - 'ध्यानमा हामीले धेरै कुरा सिक्यौं । धर्मबारे सिक्यौं । ध्यान कसरी बस्ने भन्ने जान्यौं । खाने, बोल्ने हिड्नेबारे जान्यौं ।' धर्मबारे जिज्ञासा राख्दा उनी भन्छिन् - 'आफ्नो पनि भलो हुने अर्काको पनि भलो हुने काम गर्नु धर्म हो ।'

पोखराको नदीपुर कोपिलढुङ्गा स्थित सामुदायिक बाल विकास सेवा (सेतो गुराँस) को भवनमा संचालित उक्त ध्यान शिविरमा स्थानीय २२ जना बालक र २७ जना बालिका गरी कूल ४९ जना बाल-बालिकाहरु सहभागी थिए । ७ वर्षदेखि माथिका १४ वर्षदेखि मुनिका बालबालिकाहरु सहभागी रहेको त्यस ध्यान शिविर साउन ६ गतेबाट ८ गतेसम्म संचालित थियो । ध्यान शिविर संचालनको लागि नेपाल विपश्यना केन्द्र काठमाडौंबाट वरिष्ठ सहायक आचार्य आनन्दराज शाक्य सहित प्रशिक्षिका श्रीमती नानी शाक्य, सुश्री रत्नदेवी शाक्य, सुश्री शर्मिला शाक्य, सुश्री नविता शाक्य र प्रशिक्षक प्रकाश शाक्य पोखरा आउनु भएको थियो ।

*

ग्यारेन्टीका साथ
नराम्रो सुन खार्नु (REFINE) परेमा सम्झनुहोस्
एकनाथ बम्बईवाला
(Gold and Silver Refiner)
मोहरियाटोल, पोखरा-१
फोन : ०६१-२६६९१

# मैत्री संघ पोखराको आयोजनामा २०५५ साउन ६ गतेदेखि ८ गतेसम्म पोखरामा पहिलो पटक संचालित ३ दिवसीय बाल ध्यान शिविरमा सहभागी बाल-बालिकाहरु

| बालकहरु | उमेर | कक्षा |
|---|---|---|
| विवेक उदास | ७ | यू. केजि |
| मनिष बज्राचार्य | ८ | १ |
| अर्जुन नेपाली | ८ | २ |
| सूर्य नेपाली | ९ | २ |
| कमल नेपाली | ९ | २ |
| अनिल श्रेष्ठ | १० | २ |
| सरोज नेपाली | १० | २ |
| सुजन नेपाली | १० | यू. केजि |
| सिद्धार्थ सि. के. | ११ | ४ |
| राजिव बसेल | ११ | ५ |
| गणेश नेपाली | १२ | ५ |
| अर्जुन नेपाली | १२ | ६ |
| अर्जुन नेपाली | १२ | ५ |
| राम सि. के. | १२ | ४ |
| लक्ष्मण सि. के. | १२ | ४ |
| सम्यक् ताम्राकार | १२ | ४ |
| सन्तोष नेपाली | १२ | ५ |
| बिनोद नेपाली | १२ | ५ |
| बिदुर गिरी | १२ | ४ |
| गोबिन्द नेपाली | १३ | ४ |
| रमेश नेपाली | १४ | ६ |
| विनोद नेपाली | १४ | ५ |
| पुथ्वी गुरुङ्ग | ८ | आंशिक |

| बालिकाहरु | उमेर | कक्षा |
|---|---|---|
| सपना परियार | ७ | १ |
| रुपा नेपाली | ७ | यू. केजि |
| भगवती नेपाली | ७ | ,, |
| स्वस्तिका श्रेष्ठ | ८ | १ |
| सुमना ताम्राकार | ८ | १ |
| ज्योति सि. के. | ८ | १ |
| शर्मिला पौडेल | ८ | १ |
| दिपेन्ती उदास | ८ | १ |
| अनिशा परियार | ८ | १ |
| अन्जु ताम्राकार | ८ | १ |
| सबिना परियार | ९ | ३ |
| शर्मिला ठकुरी | ९ | ३ |
| यशोदा नेपाली | ९ | यू. केजि |
| मनिषा बज्राचार्य | १० | ४ |
| सजमिना उदास | १० | ४ |
| समस्तिका श्रेष्ठ | १० | ४ |
| सुनिता नेपाली | १० | २ |
| लक्ष्मी घिमिरे | १० | - |
| आशा नेपाली | १० | २ |
| सरिता श्रेष्ठ | ११ | ४ |
| उषा शेरचन | ११ | - |
| देवी कुमाल | ११ | २ |
| मीना नेपाली | १२ | ३ |
| सुमी श्रेष्ठ | १२ | ४ |
| उषा नेपाली | १२ | २ |
| क्यामुना शाही | १३ | ५ |
| भीम माया | १४ | ६ |

## धर्म सेवक सेविकाहरु

| | |
|---|---|
| विश्व शाक्य | सुश्री सुनिता ताम्राकार |
| गोविन्द ताम्राकार | सुश्री बनिता ताम्राकार |
| बृजलाल उदास | श्रीमती बालकुमारी ताम्राकार |
| सरोजमान उदास | श्रीमती रीता उदास |
| विमल उदास | सुश्री रमा पौडेल |
| निलकण्ठ उदास | सुश्री निता परियार |
| ओम कार्की | सुनिल उदास |
| सन्देश उदास | सकेन्द्र ताम्राकार |

स्थान : सामुदायिक बाल विकास सेवा (सेतो गुराँस) भवन, कोपिल ढुङ्गा, नदीपुर, पोखरा-३

# जानी राखौं ।

- बुद्धको मूल उपदेश : दु:ख आर्यसत्य, कुख समुदय आर्य सत्य, दु:ख निरोधक आर्य सत्य, दु:ख निरोधगामिनी प्रतिप्रदा आर्य सत्य हुन् । बुद्ध शासनमा उत्तम विनय, आर्य विनयलाई मानिन्छ ।
- भावना ३ प्रकारका हुन्छन् ती हुन् - १ कायानु पश्यना, २. चित्तानु पश्यना, ३. प्रज्ञानु पश्यना ।
- बुद्ध महापरिनिर्वाणको १०० वर्ष (ई.पू ३८३) पछि दोस्रो संगायना भएको थियो ।
- चार कुराको ज्ञान नहुनाले हामी संसारमा बारम्बार जन्म मरणको चक्रमा घुमिरहन्छौं । ती चार कुराहरु हुन् - शील, समाधि प्रज्ञा र विमुक्ति ।
- नेपालमा बौद्ध परियति शिक्षा वि.सं. २०१९ सालदेखि शुरु भएको थियो ।
- धम्मपदमा ४२३ गाथा र २६ वर्गहरु छन् ।
- दोस्रो सगायन पछि मूल बुद्ध धर्म (स्थवीरवाद) बाट छुट्टिएर गठन भएको अर्को सम्प्रदाय महासांघिक सम्प्रदाय हो ।
- दान तीन प्रकारका हुन्छन् ती हुन् - १) आमिस दान, २) अभय दान, ३) धर्म दान ।
- बोधिपक्षिय धर्महरु भन्नाले बुद्धमा हुने ३७ गुणहरुलाई सम्झिइन्छ ।
- प्रसिद्ध ध्यान गुरु सत्यनारायण गोयन्काले नेपालमा पहिलो पटक वि.सं. २०३७ चैत्र महिनामा आनन्द कुटी बिहारमा विपश्यना ध्यान शिविर राख्नुभएको थियो ।
- कुनै विषयलाई सम्झेर त्यसमा होस राखी ध्यान गर्नु अर्थात आनुस्मृति अन्तर्गत बुद्धानुस्मृति र मरणानुस्मृति ध्यानमा क्रमश: - बुद्धशील र मरणलाई सम्झी ध्यान गरिन्छ ।

संकलन : विमल उदास


ब्रिटिस र जर्मन मेशिनद्धारा निर्मित
उच्चस्तरीय कंक्रिट ब्लकका
साथै रेलिङ, चौकोसको लागि
हामीलाई सम्झनुहोस् ।

न्यू सिमेन्ट ब्लक इण्डष्ट्रिज
नयाँबजार, पोखरा-९
फोन : २२३९३ (फ्याक्ट्री), २०९६८ (निवास)


तथा

हिमालय ब्लक उद्योग
तेर्सापट्टि-३, पोखरा
फोन नं. : २२३१८

# युवा बौद्ध संघलाई रेडक्रस रनिङ्ग शील्ड

युवा बौद्ध संघ धर्मशीला बुद्ध बिहार पोखरालाई आर्थिक वर्ष २०५४/०५५ मा सबैभन्दा बढी रगत संकलन गरेकोमा नेपाल रेडक्रस सोसाइटी रक्त संचार केन्द्र पोखराले रनिङ्ग शील्ड प्रदान गरेको छ। नेपाल रेडक्रस सोसाईटी रक्त संचार केन्द्र पोखराको २० औं वार्षिकोत्सवको उपलक्ष्यमा २०५५ साल आषाढ ६ गते शनिबार पश्चिमाञ्चल क्षेत्रीय अस्पताल रामघाटको सभा कक्षमा आयोजित विशेष समारोहमा प्रमुख अतिथि तथा पृथ्वीनारायण बहुमुखी क्याम्पसका संस्थापक प्रा. जर्ज जोनले उक्त शील्ड तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो।

स्मरण रहोस् युवा बौद्ध संघ पोखराले आर्थिक वर्ष २०५४/०५५ मा मात्र २१७ युनिट रगत रक्तदान कार्यक्रमबाट जम्मा गरेको थियो। संकलित रगतहरुमा युवा बौद्ध संघको दोस्रो वार्षिकोत्सवको उपलक्ष्यमा धर्मसंघ बुद्ध बिहार मोहरियाटोलमा आयोजित रक्तदान कार्यक्रमबाट ७४ युनिट, त्यसै बुद्धि दिवस तथा श्रीपञ्चमीको उपलक्ष्यमा आयोजित रक्तदान कार्यक्रमबाट ७७ युनिट र २५४२ औं बुद्ध जयन्तीको उपलक्ष्यमा धर्मशीला बुद्ध बिहारमा आयोजित रक्तदान कार्यक्रमबाट ६६ युनिट जम्मा भएको थियो। तीनवटा रक्त संकलन कार्यक्रमबाट जम्मा १९८ जना पुरुष र २२ जना महिलाहरुले रक्तदान गरेका थिए।



# पन्ध्रौं उपत्यका व्यापी बुद्ध पूजा

पोखराको विभिन्न बौद्ध संघ, संस्था र गुम्बा बिहारहरुको सहभागितामा १५ औं उपत्यका व्यापी बुद्ध पूजा सु-सम्पन्न भयो । सद्धर्म सभा, धर्मसंघ बुद्ध बिहार मोहरियाटोलको आयोजनामा सुसम्पन्न भएको उक्त उपत्यका व्यापी बुद्ध पजा धर्मशीला बुद्ध बिहारबाट शुभारम्भ भएर सद्धर्म सभाको सक्रियतामा निर्मित नदीपुर स्थित शाक्य समाजको नव निर्मित भवनमा समापन भएको थियो ।

धर्मशीला बुद्ध बिहारबाट शुभारम्भ भएको शान्ति पदयात्रा माटेपानी गोम्बा, अर्घौं सदन, पृथ्वीचोक गोम्बा त्यसपछि नालामुख मोहरियाटोल हुँदै नदीपुर स्थित शाक्य समाजको नव निर्मित भवनमा आएर सकिएको थियो ।

१५ औं उपत्यका व्यापी बुद्ध पूजाको समापन अवसरमा भिक्षु श्रद्धानन्दले आषाढ पूर्णिमाको महत्व र आषाढ पूर्णिमासँग आबद्ध पाँच सहयोगहरुबारे चर्चा गर्नुभएको थियो । सद्धर्म सभाका सचिव कुलामान बुद्धाचार्यले सभा संचालन गर्नुभएको थियो । उक्त कार्यक्रम समापन पछि सहभागिहरुलाई भोजनको व्यवस्था पनि मिलाइएको थियो ।

आषाढ पूर्णिमाको पावन अवसरमा उपस्थित उपासक उपासिकाहरुले सद्धर्म सभाद्वारा निर्मित शाक्य समाजको भवनको लागि विभिन्न समानहरु दान गरिएको कुरा आयोजकबाट थाहा हुन आएको छ ।

महिला उपासिका संघ धर्मशीला बुद्ध बिहारबाट ४ वटा, श्रीमती सरस्वती बुद्धाचार्य मोहरियाटोलबाट ४ वटा, श्री सरोज शाक्य, तेर्सापट्टीबाट एउटा ट्यूबलाईट दान दिनुका साथै श्री चन्द्रमान बज्राचार्य तथा श्रीमती लक्ष्मीकुमारी बज्राचार्य, मोहरियाटोलबाट २ वटा, श्रीमती सन्तकुमारी बुद्धाचार्य १, श्रीमती पंचलक्ष्मी बुद्धाचार्यबाट १ वटा, श्रीमती सुनपुतली बुद्धाचार्यबाट १, सुश्री शान्तलक्ष्मी बुद्धाचार्य, मोहरियाटोलबाट १ सिलिङ्ग पंखा प्राप्त भएको छ । यसैगरी श्रीमती सन्तदेवी बुद्धाचार्यले १ घडी र सुश्री बुद्धिमाया शाक्य, मोहरियाटोलले २ वटा घडी दान दिनुभएको छ । श्रीमान तथा श्रीमती हिराभक्त ताम्राकारको तर्फबाट २ वटा टेबुल पंखा प्राप्त भएको छ ।

स्मरण रहोस् उपत्यका व्यापी बुद्ध पूजा प्रत्येक वर्ष आषाढ पूर्णिमाको दिन पोखराका विभिन्न बौद्ध संघ संस्था र बिहार गोम्बाहरुले पालै पालो संचालन गर्दै आइरहेका छन् ।


⇒ बचत मुद्दती निक्षेपमा वार्षिक १२% ब्याज पाइने ।

⇒ साधारण मुद्दती निक्षेपमा १५% सम्म ब्याज पाइने ।

⇒ स्थानीय व्यक्तिहरुको कुशल व्यवस्थापन र दक्ष जनशक्तिद्वारा संचालित ।

⇒ सफलताका साथ छैठौ वर्षमा कारोबार संचालन गरिरहेको, राजधानीभन्दा बाहिरको पहिलो वित्त कम्पनी ।

⇒ कम्प्युटराईज्ड पद्धतीबाट खाता संचालन गरिने ।

**अन्नपूर्ण फाइनान्स कं. लि.**

चिप्लेढुङ्गा, पोखरा ।

फोन : २२६७१

# बुद्ध पूजा

सरोजमान उदास

आत्मिक श्रद्धा जगाई
श्रद्धाले शीर झुकाई ।
हात जोडी नमस्कार
सम्यक सम्बुद्धलाई ।

काय वाक चित्तले
जान्छु शरण बुद्धको ।
जान्छु शरण धम्मको
जान्छु शरण संघको ।

काटमार दुःखदायी
प्राणीहिंसा नगरौं ।
प्रतिष्ठामा धब्बा लाग्छ
चोरी कर्म नगरौं ।

ब्रह्मचर्य नष्ट हुन्छ
ब्यभिचार नगरौं ।
ईमान विश्वास हराउँछ
झूठो बोली नबोलौं ।
दुर्ब्यसनले गर्छ सर्वनाश
सुरापान नगरौं ।

विलासी र कष्टदायी
अति मार्ग छाडौं ।
मावन हितको लागि
मध्यम मार्ग रोजौं ।

धुप नैवेद्य फूल चढाई
हुन्न सजाई ध्वजा ।
शीलाचरण गर्न सके
हुन्छ बुद्ध पूजा ।

पुकार मात्र गरी हुन्न
सम्बुद्ध को नाम ।
शील पालन धर्मधारण
बिना छैन काम ।

शुद्ध बुद्ध धर्मको
शरणमा जाउ ।
दुर्लभ यो जीवन
सुसंकृत बनाउ ।

आकर्षक सुनका गहना चाहिएमा वा बनाउनु परेमा
सधैं सेवामा तत्पर छौं ।

**सौगात गहना पसल**

मोहरियाटोल, पोखरा
फोन : २३५१०, २७५१०

# युवा बौद्ध संघ, पोखराको गतिविधि

युवा बौद्ध संघ, धर्मशीला बुद्ध विहारले आफ्नो तेस्रो वार्षिकोत्सवको उपलक्ष्यमा निम्न कार्यक्रम संचालन गरेको छ ।

## खेलौना बनाउने तालिम (भाद्र ८ गते)

धर्मशीला बुद्ध विहार नदीपुरमा महिलाहरुका सीप अभिवृद्धि गर्ने उद्देश्यले भुवादार खेलौना बनाउने ७ दिने प्रशिक्षण कार्यक्रम श्रद्धेय अनगारिका कर्मशीलाबाट पञ्चशील प्रदान पछि शुरु भएको थियो ।

श्रीमती दमयन्ती शाक्य र रेखा मर्सानी प्रशिक्षक रहेको उक्त प्रशिक्षणमा तीन किसिमका भुवादार खेलौना (कुकुर, बाँदर र पाण्डा) बनाउन सिकाइएको थियो । कार्यक्रममा १३ जना महिलाहरु सहभागी थिए ।

## रक्तदान कार्यक्रम

भाद्र १३ गते शनिबार विहान धर्मसंघ बुद्ध बिहार मोहरियाटोलमा युवा बौद्ध संघका अध्यक्ष उत्तममान बुद्धाचार्यको सभापतित्वमा विमल उदासले संचालन गर्नुभएको कार्यक्रम श्रद्धेय भिक्षु श्रद्धानन्दले पञ्चशील प्रदान गर्नुभई बुद्ध धर्ममा दानको महत्वमाथि प्रकाश पार्नुभएपछि प्रारम्भ भएको थियो । उक्त कार्यक्रमका प्रमुख अतिथि कवि तथा साहित्यकार तीर्थ श्रेष्ठले मन्तव्य व्यक्त गर्नुका साथै रक्तदान गर्नुभएको थियो ।

४ जना महिला र ५५ जना पुरुष समेत जम्मा ५९जना व्यक्तिहरुले रक्तदान गरेका थिए । सो कार्यक्रममा १७ वर्षदेखि ५३ वर्ष उमेरसम्मका रक्तदाता सहभागी थिए ।

## पाकशिक्षा प्रशिक्षण :

सोही दिन शाक्य समाज भवन नदीपुरमा युवा बौद्ध संघका अध्यक्ष उत्तममान बुद्धाचार्यको सभापतित्वमा कोषाध्यक्ष सोनी सुवालले संचालन गर्नुभएको पाक शिक्षा प्रशिक्षण कार्यक्रममा संयोजक पुनम सि.के.ले स्वागत भाषण गर्नुभएको थियो । प्रशिक्षक नारायण महर्जनले Sweet Corn Soup, Pizza, Veg. Cutlet / Mushroom Slice बनाउने प्रशिक्षण दिनुभयो । २० जना महिला प्रशिक्षार्थी रहेको उक्त कार्यक्रममा दयाराम अधिकारी र महेन्द्रलाल खोखाली सहायक प्रशिक्षक हुनुहुन्थ्यो ।

## वार्षिकोत्सव तथा पदस्थापन समारोह (२० भाद्र, २०५५) :

युवा बौद्ध सघ, धर्मशीला बुद्ध बिहार पोखराको तेस्रो वार्षिकोत्सव तथा पदस्थापन समारोह सु-सम्पन्न भयो । पोखरा उप-महानगरपाकिलाका नगरप्रमुख कृष्ण थापा प्रमुख अतिथि रहनुभएको त्यस कार्यक्रममा युवा बोद्ध संघको विविध कार्यक्रमहरुमा सहभागी तथा संयोजकहरुलाई कदरपत्र वितरण गरिएको थियो । प्रमुख अतिथि कृष्ण थापाबाट समुद्घाटन पछि श्रद्धेय भिक्षु श्रद्धानन्द, कुलामान बुद्धाचार्य, कृष्णमान गुभाजू, कवि तीर्थ श्रेष्ठ, विश्व शाक्य, अशोक पालिखे र प्रकाशमान गुभाजूले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

उक्त कार्यक्रममा सचिव विक्रम बुद्धाचार्यले आ.ब. ०५४/०५५ को प्रतिवेदन तथा कोषाध्यक्ष सोनी सुवालले वार्षिक आय व्यय विवरण प्रस्तुत गर्नुभएको थियो । संघका अध्यक्ष उत्तममान बुद्धाचार्यको सभापतित्वमा संचालित उपरोक्त कार्यक्रममा वार्षिकोत्सव समारोह समितिका संयोजक रन्जन बुद्धाचार्यले स्वागत मन्तव्य व्यक्त गर्नुभएको

थियो ।

पदस्थापन कार्यक्रम अन्तर्गत आगामी कार्यकालको लागि निर्विरोध निर्वाचित अध्यक्ष, उपाध्यक्ष र सचिवमा क्रमश: उत्तममान बुद्धाचार्य, प्रकाश उदास र विक्रम बुद्धाचार्यलाई पदस्थापन गराइएको थियो भने सह-सचिव र कोषाध्यक्षमा क्रमश: विमल उदास र सोनी सुवाललाई पदस्थापन गरिएको थियो । यसैगरी सदस्यहरुमा शान्त रत्न बज्राचार्य, रन्जन बुद्धाचार्य, दयाराम अधिकारी, पुनम सि.के., सुनिल उदास र इन्द्रप्रसाद द्वा हुनुहुन्थ्यो ।

दोस्रो चरणको कार्यक्रम अनुसार "बुद्ध धर्ममा संघको महत्व" विषयमा विचार गोष्ठीको आयोजना गरिएको थियो । दायक सभा, धर्मशीला बुद्ध बिहारका अध्यक्ष तिलकमान गुभाजूको प्रमुख आतिथ्यमा सम्पन्न उक्त गोष्ठिमा माधवप्रसाद अधिकारीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने डा. गेहेन्द्रमान उदास र कृष्णमान गुभाजूले टिप्पणी गर्नुभएको थियो । कार्यक्रमको सभापतित्व अध्यक्ष उत्तममान बुद्धाचार्यले गर्नुभएको थियो ।

❊


सुनका आधुनिक किसिमका गहनाहरू

अडर बमोजिम बनाउनु परेमा हामीलाई सम्भनुहोस् ।

**Modern Ornaments Work Shop**

Mohariya Tole, Pokhara

**Phone : 25183, 20742**

***Pro. Sunil Dey***

# मैत्री संघ, पोखराको गतिविधि

## सद्धर्म अभिवृद्धिमा मैत्रीसंघ पोखराबाट भएका कार्यक्रमहरु :

### कृष्ण जन्माष्टमी (२९ साउन २०५५)

कृष्ण जन्माष्टमीको पावन अवसरमा मैत्री शिक्षा समूहका बाल-बालिकाहरुलाई कृष्ण जन्माष्टमीबारे जानकारी दिलाउने उद्देश्यले बाल बालिकाहरुबाट सामूहिक बुद्धपूजा र ध्यान पछि सनातन धर्म सेवा समिति कास्कीका अध्यक्ष तथा मैत्री संघ पोखराका सल्लाहकार रवीन्द्र माकाजूले कृष्ण जन्माष्ठमीबारे जानकारी दिनुभयो । सो अवसरमा मैत्रीसंघका अध्यक्ष विश्व शाक्यले कर्मयोग बारे संक्षिप्त चर्चा गर्नुभएको थियो ।

### राष्ट्रिय बाल दिवस (४ भाद्र २०५५)

३४ औं राष्ट्रिय बालदिवसको उपलक्ष्यमा मैत्री शिक्षा समूहका बाल-बालिकाहरुको समुपस्थितिमा वाल दिवस कार्यक्रम सुसम्पन्न भयो । शील प्रार्थना, सामुहिक बुद्ध पूजा र ध्यान पछि शुरु भएको कार्यक्रमको समुद्घाटन पोउमनपाका उपमेयर क्या. मानबहादुर गुरुङ्गले गर्नुभएको थियो । मैत्री शिक्षा समूहको स्थापनादेखि नै नियमित आइरहने ५ जना बालबालिकाहरुलाई पुरस्कार वितरण गरिएको थियो । पुरस्कारको व्यवस्था हेल्भेटासमा कार्यरत कर्मचारीहरुको तर्फबाट भएको थियो । उक्त कार्यक्रममा उपमेयर लगायत भिक्षु श्रद्धानन्द, पोउमनपा वडा नं ३ का वडाध्यक्ष नारायण उदास, सिवीन पोखराका प्रमुख कुमार भट्टराइले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रमको अध्यक्षता मैत्री संघ, पोखराका अध्यक्ष विश्व शाक्यले गर्नुभएको थियो ।

### पुस्तक लोकार्पण (२७ भाद्र २०५५)

कम्तिमा वर्षको एउटा बुद्ध शिक्षामा आधारित पुस्तक प्रकाशन गर्ने मैत्री संघ पोखराको लक्ष्य अनुसार यसपटक श्रीलंकाका संघ महानायक भिक्षु सद्धातिस्सद्वारा लिखित तथा ललित रत्न शाक्यद्वारा अनुदित "बुद्ध जीवन र दर्शन" नामक पुस्तक प्रकाशित गरी लोकार्पण कार्यक्रम सम्पन्न भयो । पोखराका ९४ वर्षीय वयोवृद्ध भिक्षु सुभद्रले पुस्तक लोकार्पण गर्नुभएको थियो । पुस्तक लोकार्पण कार्यक्रममा प्रमुख अतिथि वक्ताको रुपमा काठमाडौं निवासी कनकद्विप बज्राचार्यले बोल्नुभएको थियो ।

यसै गरी भिक्षु श्रद्धानन्द, पुस्तकका अनुवादक ललित रत्न शाक्यले "बुद्ध जीवन दर्शन" पुस्तक बारे प्रकाश




पार्नुभएको थियो ।

मैत्री संघ पोखराका अध्यक्ष विश्व शाक्यको अध्यक्षतामा भएको सो कार्यक्रममा सचिव गोविन्द ताम्राकारले स्वागत गर्नुभएको थियो । मैत्री प्रकाशन माला अन्तर्गतको दोस्रो प्रकाशन "बुद्ध जीवन र दर्शन" पुस्तक गाता बाहेक १०८ पृष्ठको छ । पकेटबुक आकारमा प्रकाशित उक्त पुस्तकको मूल्य रू २५।- राखिएको छ ।

## बालबालिकालाई लुगा वितरण :

## (२७ भाद्र २०५५)

लायन्स क्लव अफ पोखरा अन्नपूर्णको प्रायोजनमा मैत्री शिक्षा समूहका ५०/५२ जना बालबालिकाहरुलाई कपडा तथा शैक्षिक सामग्री वितरण भयो। Techinical




Institute of Singapure बाट उपलब्ध भएको उक्त लुगा तथा शैक्षिक सामग्री वितरण कार्यक्रममा अन्नपूर्ण लायन्स क्लवका अध्यक्ष सरोज बैद्य, भिक्षु श्रद्धानन्द, वरिष्ठ पत्रकार केशवराज पराजुलीले केटाकेटीहरुलाई लुगा वितरण गर्नुभएको थियो। सो कार्यक्रममा लायन्स सोनाम साङपोले आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो भने मैत्री संघ पोखराका अध्यक्ष विश्व शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

## सामुहिक ध्यान तथा बुद्ध पूजा

## (१० असोज २०५५)

मैत्री शिक्षा समूहका बालबालिकाहरुलाई बौद्ध विहार तथा गोम्बाहरुमा लगेर सामुहिक ध्यान तथा बुद्धपूजा गराउने सिलसिलामा यसपटक विश्व शान्तिस्तूप अनदूमा कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा ५२ जना बालबालिकाहरुका साथै २०/२२ जना युवाहरु पनि सहभागी थिए।

१ घण्टा उकालो चढ्नु पर्ने शान्ति स्तूप अनदूमा भएको यो कार्यक्रमलाई सर्वाधिक उत्साहप्रद मानिएको छ। अधिकांश ७ वर्ष देखि १२ वर्षसम्मका बाल-बालिकाहरु सहभागी रहेको यो सामूहिक बुद्ध पूजा तथा ध्यान कार्यक्रम शान्तिस्तूप अनदूको इतिहासमा सर्वथा नौलो र पहिलो मानिएको छ। त्यस कार्यक्रममा भिक्षु श्रद्धानन्दबाट पञ्चशीलको महत्व र नराम्रो मन र राम्रो मनको प्रभावबारे धर्मदेशना भएको थियो।

भोजन अगाडि बालबालिकाहरुलाई निर्माणाधिन शान्तिस्तूपको प्रदक्षिणा र दृश्यावलोकन गराइएको थियो। बालबालिकाहरुलाई विहानको नास्ता तथा भोजनको सम्पूर्ण व्यवस्था संघका उपाध्यक्ष बिक्रम उदासको नेतृत्वमा सन्देश उदास, विमल उदास, भूवन ताम्राकार, विपिन उदास, सुनिल उदास, पुष्प उदास, दिनेश गुरुङ्ग र प्रकाश पालिखेले गरेका थिए।

स्मरणीय रहोस् मैत्री शिव समूहका बालबालिकाहरु २ महिना अगाडि पोखराबाट ४ घण्टा हिड्नुपर्ने भिक्षु



सुभद्राको जन्मस्थल घाचोक स्थित "माछापुच्छ्रे बुद्ध विहार" पनि पुगेर आएका छन्।

*

**जो समर्थवान भएर पनि माता पिताको पालन पोषण गर्दैन त्यसलाई चाण्डाल सम्झनु पर्छ।**

**– धम्मपद**

# धर्म धारण गर

– सत्यनारायण गोयन्का

धर्म धारण गर्नुमा साँच्चिकै कल्याण छ ।

धर्म चर्चा गरिनु कहिले फाइदाजनक हुन्छ; कहिले फाइदाजनक हुँदैन र कहिले हानिकारक पनि हुन सक्छ ।

परन्तु धर्म धारण गर्नु सदैव फायदाजनक नै हुन्छ ।

धर्म चर्चा गरेर धर्मको बारेमा श्रुत-ज्ञान प्राप्त गर्न सकिन्छ । यसले हामीलाई प्रेरणा र मार्ग दर्शन देवस् जसफलस्वरुप हामी धर्म धारण गर्न सकौं त धर्म चर्चा हाम्रो लागि फाइदाजनक हुन्छ । हामी यसबाट बुद्धि-विलास मात्र गर्छौं भने धर्म चर्चा हाम्रो लागि फायदाजनक नहुन सक्छ । यही श्रुत-ज्ञानले हामीलाई ज्ञानी हुनुको मिथ्या अहंकार पैदा गरिदिन्छ त धर्म चर्चा हाम्रो लागि हानीको कारण बन्न जाने हुन्छ ।

यही कुरा धर्म चिन्तनको पनि हो । धर्मको चिन्तन-मननले बौद्धिक ज्ञान पैदा गरेर निरर्थक बुद्धि-विलासको कारण बन्दछ, अर्थात खोक्रो दम्भ पैदा गरी हानीको कारण बन्ने हुन्छ । तर, यही चिन्तन-ज्ञान धर्म धारण गर्ने प्रेरणा पैदा गर्दछ, मार्गदर्शन गर्दछ र जसफलस्वरुप हामी धर्म धारण गर्छौं भने कल्याणको कारण बन्न जान्छ ।

वास्तविक कल्याण त धर्म धारण गर्नु मै छ । मिथ्या बुद्धि विलाशमा होइन । मिथ्या अहंकारमा होइन ।

त्यसैले साधकहरु, आऊ धर्म धारण गरौं । धर्म धारण गरी स्वयं शीलवान बनौं । समाधिवान बनौं । प्रज्ञावान बनौं ।

यही मंगल मूल हो ।

*

**यो विज्ञापन होइन**

सहुलियत दरमा पोखरामा आकर्षक र रंगिन फोटो इन्लार्ज गर्नुपरेमा झट्टसम्झनुहोस् –

**फोटो जेनिथ,**

तेर्सापट्टि, पोखरा ।

फोन : ०६१-२०५६०, २१५७०

# पोखराको उत्कृष्ट उत्पादन



आहा        रारा

गण्डकी नूडल्स प्रा.लि., पोखरा

एभरेष्ट नूडल्स प्रा.लि., पोखरा

आइपुग्यो ! आइपुग्यो !! आइपुग्यो !!!

# लक्की लक्की


POKHARA

# LUCKY LUCKY

## SWEET & SALT BISCUIT

स्वदेशी मेशिन , स्वदेशी हात

उत्कृष्ठ मिश्रण . अनुपम स्वाद



उत्पादकः- पोखरा फुड्स (प्रा.) लि. पोखरा-८